वर्ष : १७, अंक : ६, काठमाडौं, २०७८ जेठ ७ गते शुक्रवार, 21 May 2021, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## आमाको नामबाट सन्तानलाई जन्मसिद्ध नागरिकता : महन्थ ठाकुरको ठूलो सफलता



काठमाडौं । जनता समाजवादी पार्टी नेपालले उठाउँदै आएको नागरिकता समस्या समाधान गर्न प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रिपरिषद्ले स्वागतयोग्य निर्णय गरेको छ । यसमा जसपा अध्यक्ष महन्थ ठाकुरलाई ठूलो सफलता हात लागेको छ । जसपाका अध्यक्ष महन्थ ठाकुरले नागरिकत समस्या मधेशको मात्र नभई समग्र नेपालकै समस्या रहेको भन्दै सो समस्या समाधानका लागि नेपाल सरकारसँग वार्तारत् थिए । अन्ततः अध्यक्ष ठाकुरको प्रयास सफल भएको मान्न सकिन्छ ।
जसपाका अध्यक्ष उपेन्द्र यादव भने मधेशका र देशसँग सम्बन्धित यस्ता समस्याहरुलाई समाधानभन्दा पनि आफ्नो स्वार्थपूर्तिका लागि प्रयोग गर्दै आएको आरोपहरु लाग्दै आएका छन् । सरकारले आमाको नागरिकता भएका सन्तानलाई जन्मसिद्ध आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिने निर्णय गरेको छ ।
बिहीवार बसेको मन्त्रिपरिषद् बैठकले आमाको नेपाली नागारिकता भए सन्तानलाई जन्मसिद्ध नागरिकता प्रमाणपत्र दिने निर्णय गरेको हो । आमाको नामबाट सन्तानले नागरिकता नपाइरहेको अवस्थामा बिहीवार बसेको मन्त्रिपरिषद् बैठकले नागरिकता दिने निर्णय गरेको हो । जनता समाजवादी पार्टी नेपालले लामो समयदेखि नागरिकताको समस्या समाधानका लागि विधेयक ल्याउन सरकारसँग माग गर्दै आएको थियो ।

## जसपाको संसदीय दलको नेतामा महतो



काठमाडौं । जनता समाजवादी पार्टी नेपालको संसदीय दलको नेतामा वरिष्ठ नेता राजेन्द्र महतोले चयन भएका छन् । वर्तमान राजनीतिक परिस्थिति र जसपा निर्माणमा महतोको योगदानलाई कदर गर्दै संसदीय दलको नेता चयन गरिएको केन्द्रीय कार्यकारिणी समितिका सदस्य डा.सुरेन्द्र महतोले मधेशवाणीलाई जानकारी दिए । जसपा निर्माणका बेला नै महतोलाई संसदीय दलको नेता दिने भन्ने जेन्टलमेन एग्रीमेन्ट भएको कुराहरु पनि बाहिर आएका थिए । सोहीअनुसार महतोलाई जसपाका बहुमत सांसदहरुले दलको चुनेका छन् । जसपाका १९ सांसदहरुको हस्ताक्षरबाट दलको नेता चयन भएको हो । दलका नेताका लागि सर्वसहमति जुटाउने प्रयास गरिए पनि विभिन्न दाबीहरुका कारण लोकतान्त्रिक प्रक्रियाबाट बहुमतको आधारमा महतो चयन भएका हुन् ।

## जसपाका केन्द्रीय सदस्य सिंहको निधन



काठमाडौं । जनता समाजवादी पार्टी नेपाल (जसपा)का केन्द्रीय सदस्य जितेन्द्र सिंहको निधन भएको छ । कोरोना संक्रमणबाट उनको निधन भएको हो ।
उनको वीरगञ्जमा उपचार भइरहेको थियो तर अवस्था बिग्रँदै गएपछि सोमबार हेलिकप्टरबाट थप उपचारका लागि काठमाडौंको मेडिसीटीमा भर्ना गरिएको थियो । मंगलबार उनको निधन भएको जसपाले जनाएको छ । नेता सिंह पहिलो र दोस्रो संविधानसभामा बाराको क्षेत्र नम्बर २ बाट चुनाव लडेका थिए । उनका दुई छोरा छन् ।

## एमाले नेता यादवको निधन

काठमाडौं । पूर्वसांसद एवम् नेकपा एमालेका नेता योग नारायण यादवको निधन भएको छ । धनुषाको सबैला नगरपालिका वडा नं. १ घर भएका यादवको ललितपुरको मेडिसिटी अस्पतालमा उपचारको क्रममा निधन भएको हो । यादव २०५६ सालमा सांसद निर्वाचित भएका थिए । एमाले नेता विष्णु रिजालले यादवको कोरोना संक्रमणबाट निधन भएको सामाजिक सन्जालमा लेखेका छन् । यादवको दुवै मिर्गौला खराब भएपछि उनी मिर्गौला प्रत्यारोपणको तयारीअनुसार अस्पताल भर्ना भएका थिए ।

## भारतले बनायो कोरोनाविरुद्धको औषधि

काठमाडौं । छिमेकी देश भारतले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको औषधि सार्वजनिक गरेको छ । भारतीय रक्षा मन्त्री राजनाथ सिंह तथा स्वास्थ्य मन्त्री डा. हर्षवर्द्धनले संयुक्त रुपमा उक्त औषधिको सोमबार सार्वजनिक गरेका हुन् । यो औषधि पाउडरको रुपमा रहेको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । कोरोना विरुद्धको उक्त औषधिको नाम २ डीजी दिइएको छ ।
यो औषधि सबैभन्दा पहिला दिल्लीको कोभिड अस्पतालमा भर्ना भएका बिरामीलाई दिइने बताइएको छ । यो औषधि एक सातामा १० हजारको हाराहारीमा उत्पादन हुने दाबी गरिएको छ । यो औषधि सेवन गरेका ४२ प्रतिशत बिरामीलाई तीन दिनपछि अक्सिजन दिनु नपरेको, दुई दिन अगाडि नै स्वास्थ्य लाभ मिलेको र ६५ वर्षमाथिका बिरामीमा पनि प्रभावकारी देखिएको दाबी गरिएको छ । यो औषधि पानीमा घोलेर बिहान बेलुका बिरामीलाई दिइनु पर्ने उल्लेख गरिएको छ । औषधी भारतको रक्षा अनुसन्धान र विकास संगठनद्वारा बनाइएको हो । यो औषधीलाई भारतले आपतकालिन प्रयोगको लागि अनुमति दिइसकेको छ ।

# प्रधानमन्त्रीमा महन्थ ठाकुर !

## जसपाको अन्तरद्वन्द्व पार्टीका लागि नै घातक



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा विश्वासको मत हासिल गर्नुअघि वैकल्पिक सरकारको गठनको अभ्यास चलिरहँदा प्रधानमन्त्री पदका लागि एकल दाबेदार नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा थिए ।
प्रधानमन्त्रीको दौड निर्णायक बन्दा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा बहुमत बनाउन सक्रिय थिए । उनले जनता समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरलाई मनाउन सक्नुपर्ने अवस्था थियो । उपेन्द्र यादव उनकै साथमा थिए । ठाकुर नमानेपनि माधवकुमार नेपाललाई एमालेका २० प्रत्यक्ष निर्वाचित सांसदलाई राजीनामा गराउने अवस्था बनाएर उपेन्द्र यादव समूहमा आधा जसपा सांसद साथ रहने अवस्था बनाउनुपर्ने थियो । अन्तिम समयमा आएर नेपालले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग मिल्न पुग्दा वैकल्पिक सरकार बनाउने काँग्रेस-माओवादीको प्रयास विफल भयो ।
देउवासँग त्यतिबेला सम्म पनि विकल्प बाँकी थियो । महन्थ ठाकुरलाई मनाएर सहमतिमा ल्याउन सक्थे । तर, ठाकुर आफू पक्षीय सांसदहरु लिएर भक्तपुरको डोलेश्वरस्थित रिसोर्टमा पुगे ।
ठाकुरलाई फकाउन देउवाले बुढानिलकण्ठमा वार्ता गरे । तर, ठाकुरले देउवालाई साथ दिन नसक्ने जवाफ दिए । त्यसपछि देउवा बहुमत बनाउन विफल भए । ठाकुर नमानेको र नेपालसहित २० सांसदले राजीनामा नदिने बुझ्ेर देउवाको प्रधानमन्त्री बन्ने सपना तुहियो । तर पनि देउवाले प्रयास जारी राखे र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग छलफल गरे ।
दुवै नेताले विकल्पबारे छलफल गरे । एउटा विकल्पमा जसपालाई सरकारको नेतृत्व दिएर बढ्नसक्ने थियो । त्यसमा देउवा सहमत भएनन् । निर्णायक शक्ति बनेका ठाकुरलाई प्रधानमन्त्री प्रस्ताव गरेको भए सहमति बन्नसक्थ्यो । तर देउवाले सरकारको नेतृत्व दाबी प्रस्तुत गर्दै आएका थिए ।
काँग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल, केन्द्रीय सदस्य डा.शेखर कोइरालालगायत ठाकुरलाई प्रधानमन्त्री बनाएर जाने पक्षमा थिए । तर, देउवा तयार भएनन् । ओलीलाई फेरि प्रधानमन्त्री बन्न नदिने आक्रामक रणनीति चाल्न देउवा तयार नभएपछि सत्ताको खेल ओलीकै पक्षमा गयो ।
यद्यपी ठाकुर ओलीप्रति सकारात्मक भएर नै संसदमा प्रधानमन्त्री ओलीको पक्ष वा विपक्षमा नगएर तटस्थ बसे । तर उनकै दलका अर्का अध्यक्ष उपेन्द्र यादव ओलीको विपक्षमा मत दिए । तर तटस्थ बसेर ठाकुरले ओलीको संविधानको धारा ७६ को उपधारा ३ बमोजिम प्रधानमन्त्री बन्नसक्ने अवस्था सृजनामा सहयोगी बनिदिए ।
ठाकुर ओलीसँग नजिकिएपछि उनलाई छुटाउने प्रयासहरु अहिले पनि चलेको छ । काँग्रेस र माओवादी केन्द्रसहितको ओलीविरोधी गठबन्धन ठाकुरलाई पक्षमा पार्ने रणनीतिमा देखिएको छ । त्यसका लागि उनलाई नै प्रधानमन्त्रीको प्रस्ताव गर्ने प्रयास समेत भएको छ ।
पछिल्लो विकसित राजनीतिक घटनाक्रम हेर्दा ठाकुर प्रधानमन्त्रीका दाबेदार देखिएका छन् । जसपाले पनि विज्ञप्ति जारी गरी सरकारको नेतृत्वको अवसर पाए अगाडि बढ्ने स्पष्ट पारेको छ । रोचक यो छ कि विज्ञप्तिमा अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव दुवैको हस्ताक्षर छ ।
केही दिनअघिसम्म महन्थ र उपेन्द्र पार्टी नै फुट्ला जसरी फरक ढंगले बढेका थिए । महन्थ ओलीलाई साथ दिइरहेका थिए भने उपेन्द्र ओलीविरोधी गठबन्धनलाई सघाउँदै थिए । दुवै नेता एकाएक यु टर्न भएर आफ्नै नेतृत्वमा सरकार बनाउन अगाडि बढ्ने निष्कर्षमा पुगेका छन् ।
जसपाले सरकारको नेतृत्वका लागि अगाडि बढ्ने औपचारिक निर्णय जेठ ८ र ९ मा कार्यकारिणी समितिको बैठकबाट गर्ने भएको छ । बैठक पार्टी केन्द्रीय

**बाँकी अन्तिम पृष्ठमा**

## 'महन्थ ठाकुरलाई प्रधानमन्त्री बन्न आह्वान गर्नुपर्छ'

विराटनगर । कांग्रेसका नेता डा. शेखर कोइरालाले लोकतन्त्र र संविधानको रक्षा र मधेसको मुद्दा समाधान गर्नका लागि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरलाई प्रधानमन्त्री बनाउनुपर्ने बताएका छन् । प्रधानमन्त्री ओलीसँग माधवकुमार नेपालहरु गइसकेको अवस्थाममा जसपालाई प्रतिपक्षीले रोक्न सक्नुपर्ने कोइरालाले बताए । 'कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार नबन्ने कुरा प्रष्ट भइसकेकाले त्यो भन्दा अगाडी सोच्नुपर्ने हो,' उनले भने, 'प्रमुख प्रतिपक्षी कांग्रेसले महन्थ ठाकुरलाई लोकतन्त्र र संविधानको रक्षाका साथै मधेसको मुद्दा समाधानका लागि प्रधानमन्त्री बन्न आह्वान गर्नुपर्छ ।' प्रमुख प्रतिपक्षी कांग्रेसले अहिले सरकार बनाएर मुलुकमा कायम गतिरोध अन्त्य गर्ने दायित्व निर्वाह गर्नुपर्ने उनले बताए । अध्यक्ष ठाकुरले मधेसको मुद्दा सम्बोधनका लागि प्रधानमन्त्री बन्न छलफलमा आउने अवसर गुमाउन नहुने कोइरालाको भनाइ थियो । अध्यक्ष ठाकुरलाई प्रधानमन्त्री बनाउन नसकिए मुलुकमा झन् ठूलो अराजकता निम्तिने उनले बताए । 'संसद् चलिरहेको बेलामा प्रधानमन्त्रीले अध्यादेश ल्याएर देश चलाउनु लोकतन्त्रको उपहास होइन ?,' उनले भने, 'संवैधानिक निकाय जस्ता संस्था अध्यादेशमार्फत अघि बढाउनुले अहिलेको सरकार र अलोकतान्त्रिक र गैर संवैधानिक तरिकाले चलेको हो ।' कांग्रेसले जसपालाई सरकारको नेतृत्व गर्न दिएर लोकतन्त्र र संविधान जोगाउनुको विकल्प नरहेको कोइरालाले बताए । कोइरालाले पार्टी सभापति देउवाले पार्टीको महाधिवेशन गराउन नचाहे विशेष अधिवेशनको माग गरेर पार्टीलाई जोगाउने बताए । विराटनगरस्थित कोइराला निवासमा शनिबार पत्रकारसँगको कुराकानीमा उनले संसदमा विश्वास गुमाइसकेका व्यक्ति पुनः प्रधानमन्त्री भएर सरकार चलाउनु मुलुकका लागि दुर्भाग्य भएको बताए ।

## उपेन्द्रको चरित्र : सत्ता समर्पण, मुद्दा विसर्जन

काठमाडौं । संविधान संशोधन होइन पुनर्लेखन, संविधान संशोधन नभएसम्म चुनावमा नजाने, संशोधन नभएसम्म सरकारमा नजाने लगायतका अभिव्यक्तिहरु दिँदै उपेन्द्रले बारम्बार मधेशको मुद्दासँग खेलवाड गर्दै आएका छन् । यही केपी ओली नेतृत्वको सरकारमा दुईबुँदे सहमति गरी उपप्रधानमन्त्रीसहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी पाए । सो अवधिमा उनले आफूले सरकारसँग गरेको सम्झौताबारे कहिल्यै पनि चुँसम्म बोलेनन्, विदेश यात्रालाई नै प्राथमिकता दिए । एक वर्षभन्दा बढी समय ओली सरकारमा बिताएका उपेन्द्रले संविधान संशोधन वा मधेशको मागहरु सम्बोधनका लागि कहिल्यै पनि पहल वा आवाजसम्म उठाएनन् ।
तत्काली समाजवादी पार्टीकै प्रभावशाली नेता तथा सांसद विमलप्रसाद श्रीवास्तव भन्छन्, 'ओली सरकारमा उपेन्द्रले दुईबुँदे सहमति गरेर सरकारमा त गए तर कहिल्यै पनि उनले मागहरु सम्बोधनका लागि कुनै प्रयास नै गरेनन् ।' स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालिरहँदा उनको कामबाट मन्त्रालय वा सरकार नै सन्तुष्ट थिएनन् । बाध्य भएर प्रधानमन्त्रीले उनको मन्त्रालय हेरफेर गरे । मर्यादाक्रममा पनि तल झारिदिए पनि उनले त्यसलाई उपलब्धि नै ठाने । सत्ताका लागि बारम्बार मुद्दा बिर्सजन गर्दै आएका उपेन्द्र यादव अहिले पनि सत्ता प्राप्तिका लागि दिनरात गृहकार्य गर्दा पनि असफल भए । अहिलेसम्म उपेन्द्र यादव मुद्दाभन्दा पनि सत्तालाई नै प्राथमिकता दिँदै आएका छन् । मधेशी जनअधिकार फोरम हुँदै जसपासम्म आइपुग्दा उनको कार्यशैली हेर्दा मधेश मुद्दालाई भजाउँदै आएका छन् । मधेशको राजनीति अहिलेसम्म सही ट्र्याकमा आउन नसक्नुको मुख्य उपेन्द्र प्रवृत्ति नै रहेको मधेशी बुद्धिजीबीहरुको विश्लेषण छ । उपेन्द्र यादव सत्ता समर्पण र मुद्दा विसर्जनवादी रहेको विभिन्न श्रृंखलाबद्ध प्रमाणहरु छन् ।

# भयावह स्थितिमा पनि सत्ताकै खेल

प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत प्राप्त गर्नका लागि आफ्नो मतदानका लागि जति बेला आह्वान गर्नुभएको थियो, त्यतिबेला नै उहाँ भनिसक्नुभएको थियो कि यदि अन्य दलहरुले बहुमत पुऱ्याउन सके भने हामी प्रतिपक्षमा बस्छौं । कांग्रेस, माओवादी केन्द्र वा जसपाको उपेन्द्र यादव समूहहरुले धेरै प्रयास गरे तर उहाँहरुले बहुमत सावित गर्न सक्नुभएन । त्यसमा जसपाका महन्थ ठाकुर पक्ष तटस्थ बस्यो । त्यसपछि संवैधानिक हिसावले नेकपा एमाले संसदको सबभन्दा ठूलो दल भएको हैसियतले प्रधानमन्त्रीमा केपी शर्मा ओलीजी नै रहिरहनुभयो र राष्ट्रपतिजीले पुनः नियुक्त गर्नुभयो । त्यसैले यो सरकारको नेतृत्व गरिरहेको दल एमाले संविधानले दिएको अधिकारअनुसार अगाडि बढिरहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले फेरि संसदको विश्वास आफ्नो पक्षमा रहेको प्रमाणित गर्नुपर्ने हुन्छ । एक महिनाको अवधि पनि दिइएको छ । यो अवधिभित्र फेरि पनि प्रधानमन्त्रीले बहुमत पुऱ्याउन सक्नुभएन भने संविधान धारा ७६ को ५ मा जान सकिन्छ । यदि हाम्रो पक्षमा बहुमत पुग्यो भने एमालेकै सरकारले यो संसदको पूर्णसम्म रहन सक्छ । विश्वासको मतमा अन्य दलहरुले पनि एमालेलाई साथ देला भन्ने हामीलाई आशा छ ।

प्रधानमन्त्री केपी ओलीले जसपाका मागहरु पूरा गर्न लागिसक्नुभएको छ । मधेश आन्दोलनका बेला लगाइएका धेरै मुद्दाहरु ओली सरकारले फिर्ता लिएको छ । अन्य मुद्दाहरु पनि फिर्ता हुने क्रम जारी । यस्तै, जसपाका अन्य उचित मागहरु पनि सम्बोधनका लागि प्रधानमन्त्रीजीले प्रक्रिया पनि सुरु गरिसक्नुभएको छ । त्यसैले जसपाले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै साथ दिनेछ भन्नेमा हामी आशावादी छौं । तैपनि यदि हाम्रो पक्षमा बहुमत पुगेन भने संविधानको धारा ७६ (५) को प्रक्रियामा प्रवेश हुन्छ । त्यो अनुसार पनि सरकार बनाउन दाबी गर्ने एक मात्र व्यक्ति केपी शर्मा ओली नै हुन् । किनभने १२१ जना सांसद हामीसँग नै छ ।

एमालेभित्रको विवाद पनि मिलिसकेको अवस्था छ । माधव नेपाल समूहलाई पनि सहमतिमा ल्याएर एमालेकै सरकारलाई पाँच वर्षसम्म निरन्तरता दिने पक्षमा छ । एमालेभित्रका विवादहरु समाधानका लागि एउटा कार्यदल पनि निर्माण भएको छ । त्यो कार्यदलले सकारात्मकरुपमा काम गरिरहेको छ । अब एकताको विकल्प नै छैन । किनभने माधव नेपाल समूहलाई पनि राम्ररी थाहा छ कि यदि फुट्यो भने राजनीतिबाट सिद्धिन्छ । त्यसको घाटा केपी ओलीलाई मात्र हुँदैन, सिंगो पार्टीलाई पनि हुन्छ र सबभन्दा बढी घाटा माधव नेपाल समूहलाई नै हुने हो । उहाँहरुको राजनीतिक भविष्य नै समाप्त हुनेछ । त्यसैले माधव नेपालले पार्टी फुटाउने काम गर्नुहुन्न । हाम्रो पार्टी एक ढिक्का भएर नै आउँछ ।

प्रतिपक्षी दलहरुले यदि बजेट पास हुन दिएन भने सरकारसँग अर्को विकल्प रहन्छ कि अध्यादेशमार्फत् पास गराउने । नेपाली जनताको भलोका लागि केपी ओलीको सरकारले जे पनि गर्न सक्छ । यो महामारीका बेला पनि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, माओवादी केन्द्र र उपेन्द्र समूहको जसपाले न्यायोचित काम गरिरहेको छैन । यस्तो भयावह स्थितिमा पनि सत्ताकै खेलमा लागेका छन् ।

**यो महामारीका बेला पनि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, माओवादी केन्द्र र उपेन्द्र समूहको जसपाले न्यायोचित काम गरिरहेको छैन ।**



**कृष्ण कुमार गुप्ता**

## सम्पादकीय

# दलहरूको अन्तर्संघर्ष

जनता समाजवादी पार्टी भित्र अहिले देखिएको विवाद र अन्तरसंघर्ष वैचारिकभन्दा स्वार्थको लेनदेन हो । जसपाको द्विविधाभित्र अन्तरनिहित कारण यही हो ।

यस अतिरिक्त, जसपाका लागि संविधान संशोधन, रेशम चौधरी लगायत आफ्ना कार्यकर्ताहरूको रिहाइ प्रमुख मुद्दा रहेको छ । कुनै बहानामा सुविधाको राजनीति गर्ने प्रयास प्रत्युत्पादक हुनसक्ने अवस्थाबारे नेताहरू सचेत हुनु स्वाभाविक हो ।

अब अहिले भनेजस्तै कांग्रेस, नेकपा (माओवादी केन्द्र) र जसपाको गठबन्धन सरकार बनाइए पनि दुई तिहाई बहुमत सम्भव नभएकोले संविधान संशोधन हुन सक्दैन । प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै प्रपञ्चबिना वास्तविकरूपमा जसपालाई संविधान संशोधनका लागि सहमति दिएको खण्डमा दुई तिहाईको बहुमतमात्र नभई लगभग सर्वसम्मत हुनसक्ने सम्भावना देखिन्छ ।

समग्रमा अहिले सत्ताको साँचो कसैसँग छैन । जसपालाई यसको लागि जति जिम्मेवार भनिए पनि नेकपा (माओवादी केन्द्र) ले समर्थन फिर्ता लिए पनि अवस्था यथास्थिति मै छ । एक्कासि विकसित राजनीतिक गन्जागोलबाट आमजनमानसमा वितृष्णा बढे पनि ध्रुवीकरणको वातावरण बन्दै गएको देखिन्छ ।

**संसदीय राजनीतिमा गणितीय आधारको महत्वपूर्ण भूमिका हुन्छ, जसलाई इन्कार गर्न सकिन्न । संसदका सबै सदस्य समान हैसियतमा भएको हुनाले कुनै दलको नेता वा व्यक्तिले बहुमत सांसदको समर्थन जुटाउन सक्छ भने निजलाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने संवैधानिक बाध्यता हुन्छ ।**

यसैगरी, रेशम चौधरी लगायत कार्यकर्ताहरूको रिहाइका बारे सरकारको स्वीकारोक्ति भएमा कानूनी जटिलता धेरै बाधक हुनसक्दैन । अदालतको प्रक्रिया अनुसार नमिल्ने भएमा सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा आममाफी दिने घोषणा गरेर पनि निकास दिन सकिन्छ । सम्भवतः यही वस्तुगत अवस्था बुझेर जसपा अध्यक्ष महन्थ ठाकुरले एमालेसँग सहजता महसुस गरेको देखिन्छ । यसलाई सत्ताको साँचो भनेर व्याख्या गर्नु पूर्णरूपमा यथार्थपरक देखिन्न ।

वर्तमान सरकारको बहिर्गमनको र वास्तविक साँचो काँग्रेस र नेकपा (माओवादी केन्द्र) सँगै रहेको छ । तर सत्ताको साँचो जसपालाई भनिए पनि पार्टीभित्र नेताहरुको ध्रुवीकरणले त्यसलाई पुष्टि गर्ने बल पुग्दैन र

संसदीय राजनीतिमा गणितीय आधारको महत्वपूर्ण भूमिका हुन्छ, जसलाई इन्कार गर्न सकिन्न । संसदका सबै सदस्य समान हैसियतमा भएको हुनाले कुनै दलको नेता वा व्यक्तिले बहुमत सांसदको समर्थन जुटाउन सक्छ भने निजलाई प्रधानमन्त्री नियुक्त गर्नुपर्ने संवैधानिक बाध्यता हुन्छ । जनताले नेकपा (एमाले) र नेकपा ( माओवादी केन्द्र) संयुक्त सरकारको लागि जनमत दिएका थिए, तर त्यसलाई उनीहरुले सम्मान गर्न सकेन । आफू मिलेर जान नसक्नु अनि दोषारोपण अरूलाई गर्नु उचित होइन ।

नेपाली कांग्रेसका दुवै हातमा लड्डु छ । तत्काल चुनाव भएमा कांग्रेसको अवस्था निःसन्देह सुधारात्मक हुनेछ । त्यसमा पनि सरकारमा नगएको खण्डमा कुनै प्रकारको आरोप पनि लाग्ने छैन । यो अवसर पनि कांग्रेसलाई हुनेछ ।

कांग्रेसले सरकार बनाउनुपर्ने दबाब पनि उत्तिकै छ । खासगरी सभापति शेरबहादुर देउवा इतरको समूहले यस विषयमा खुलेर कुरा राख्दै आएको छ । अहिले काँग्रेस त जसपा अध्यक्ष महन्थ ठाकुरलाई प्रधानमन्त्री बनाउने तिर पनि विचार गर्न थालेको छ । वास्तवमा पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल लगायत देउवाविरुद्ध लामबद्ध भएका सबै नेताहरूको आँखा महाधिवेशनमा केन्द्रित छन् । देउवाका लागि प्रचण्डको सहारामा सरकार गठन गरेर प्रधानमन्त्री ओलीजस्तै दैनिक विवादको भुमरीमा फस्नुभन्दा विपक्षमै बस्नुमा लाभ छ ।

# ओली राजनीतिको पराकम्पको क्षेत्र

**विचार-विश्लेषण** भाग-९२



उपेन्द्र झा

राज्यसत्तामा ओलीको पदार्पणसँगे नेपाली राजनीति जहिले पनि तरंगित भई यत्रतत्र धक्का दिई सबै क्षेत्रलाई सजग बनाउँदै आएको छ । दुई कदम अगाडि र एक कदम पछाडिको रणनीति अपनाउँदै राजनीतिलाई सामान्य अवस्थामा रहन नदिई वेगवान बनाएको प्रयासले कहीं प्रशंसा र कहीं आलोचनाको पात्र बनेका छन् केपी ओली ।

चीनसँग गहिरो सम्बन्ध बनाएर भारतको रुढिवादी चिन्तनको विरुद्ध शंखनाद गर्दै उनका अयोध्या लगायत सबै तीर्थस्थल आफ्नो देशमा सार्ने हिम्मत देखाउने प्रधानमन्त्री केपी शर्मा ओली पक्षमा (चीन) तथा विपक्षमा ( भारत, अमेरिका, ईयु) समेत चर्चाको केन्द्र विन्दूमा रहे । चीनसँग सम्बन्ध हेराएर भारतसँग (वर्तमानमा) सम्बन्ध सुधार गरी राजनीतिलाई अनौठो किसिमले बेगवान बनाई अगाडि बढ्ने केपी शर्मा ओलीको राजनीति गन्तव्य के भन्ने कौतुहलतामा सबै छन् । दुई तिहाइको राजनीतिलाई अल्पमतमा ल्याएर राख्ने कालीदासको उदाहरण दिने पटक्कै मिल्दैन किनकि उनले विपक्षलाई वैकल्पिक सरकार बनाउने अवसर दिएर पनि सत्तामा आफै बसेर चमत्कार देखाएका छन् ।

केपी शर्मा ओलीलाई दुई तिहाइको मत होस् कि अल्पमतको कुनै फरक पर्दैन । बहुमत भएको बेला एकाधिकारको पासोमा माओवादीका प्रचण्ड र एमालेका आफ्ना सहकर्मी माधव नेपाल, झलनाथ खनाल, भीम रावल, घनश्याम भूसाल आदि नेतालाई गत पुषदेखि घिसार्दै ल्याउँदो प्रचण्ड उछिट्टिएर अलग भए भने एमाले विपक्षी नेताहरुलाई आत्मसमर्पण गर्न बाध्य बनाई दिएको छ ।

यस्तै भूकम्पीय राजनीतिको प्रभाव जसपामा पनि घनीभूत रुपमा परेको छ । माओवादी, नेपाली कांग्रेसबाट समर्थन मिल्ने सम्भावना न्यून रहेको अवस्थामा ओलीले महन्थ ठाकुर, राजेन्द्र महतो समूहलाई उनका माग पूरा गर्दै जाने शर्तमा आफ्नो पक्षमा समेटे । वैकल्पिक सरकार बनाउने पक्षमा रहेको उपेन्द्र यादव र महन्थ ठाकुरबीच मतभेद बढ्न थाल्यो । नेतृत्वपंक्ति लगायत दुवै समूहको कार्यकर्ता पंक्तिमा गालीगलौजको ताण्डव नै शुरु भयो ।

अल्पमतमा परेको लुम्बिनी प्रदेशको मुख्यमन्त्रीलाई समर्थन गरी मन्त्री पदसमेत पाएका जसपाका महन्थ ठाकुर समूहका सन्तोष पाण्डेयलगायतका चार जनालाई उपेन्द्र पक्षले कारबाही गरी प्रदेशसभा सदस्यसमेतबाट निष्काशित गरिदिए । उनले पदबहालीका लागि सर्वोच्चमा रीट गरी फैसला अनुसार पद बहाल पनि भए । कार्यकारिणी समितिको २६ सदस्यको बहुमतद्वारा गरिएको कारबाही सर्वोच्चले रद्द गरिदियो । सर्वशक्तिमानको अगाडि उपेन्द्र यादव निरीह देखिए ।

जातीय राजनीतिमा चुर्लुम्म डुबेको जसपा सर्वोपरि व्यक्तिस्वार्थ, जातीय स्वार्थ र यसले दिएको ईर्ष्या, गलत सोचको प्रवृति आदिबाट मुक्त हुन सकिरहेको छैन । यसै परिधिबाट गरिने राजनीति सही दिशामा जानै सक्दैन । दुई पार्टीबीचको एकीकरण एक वर्ष पार गरेपनि भावनात्मक मेलको कुरै छाडौं भौतिक रुपमा पनि यिनका मातहतका संगठनहरु एक हुन सकेको छैन । अहिले उपेन्द्र यादव र महन्थ ठाकुरको संयुक्त विज्ञप्तिमा जसपा कसैको सरकारमा सामेल नहुने, आफ्नो नेतृत्वको सरकार बनाउने अवसर आयो भने सरकार बनाउने भन्ने आशयको कुरा सार्वजनिक भएको छ । जसपाको यस्तै निर्णय रहे देश चुनावमा जाने सम्भावना बढेको देखिन्छ ।

सबैलाई तह लगाउँदै चुनावमा जाने ओलीको मनसाय सबैले बुझेका छन् । तर नित नवीन चमत्कार देखाउने ओली भविष्यमा आउने चुनौतीबाट किञ्चित पनि हच्किएको छैन । जसपाबाट समर्थन नपाउने संयुक्त विज्ञप्तिले ओलीलाई अहिले कुनै फरक पारेको छैन । बरु जसपाभित्र दुवै पक्षबाट भइरहेको गालीगलौजको क्रम भने बन्द हुने संकेत देखिएको छ । जसपाको यो सहमतिलाई परिस्थितिले कतिञ्जेल दुरुस्त राख्छ यो त समयले नै देखाउँछ ।

भारतले नेपालमा पत्याएको पात्र केपी शर्मा ओली हुन् भनेर बीजेपीका प्रभावशाली सांसद सुब्रमन्यम स्वामीको कथन बीजेपीको दृष्टिकोण हो भन्ने कुरा बुझ्न अब कठिन छैन । आफ्ना विरोधको कडा शब्दबाट तथा सो नटेरी कालापानी, लिपुलेक र लिम्पियाधुरा सम्मिलित नेपालको नयाँ नक्सा बनाएर वैधानिकता प्रदान गरी भारतमाथि गरिएको कडा प्रहारबाट भारतलाई ब्युँझाउने ओलीको अद्भूत प्रयासले नेपालभित्र एकमुष्ट समर्थन पाएको अनौठो उदाहरण पाइन्छ । यी सब प्रयासबाट भारतले नयाँ सोचका साथ ओलीसँगै सम्बन्ध सुधानृ प्रयास गरेको हो ।

बैशाख २७ गते विश्वासको मत लिनका लागि केपी शर्मा ओलीले विशेष संसद अधिवेशन डाकेपछि वैकल्पिक सरकार बनाउने भनेर माओवादी, जसपा र नेपाली कांग्रेस सक्रिय भए । ओलीको विकल्प खोज्न चीन र ईयूले विपक्षलाई अकल्पनीय धनराशी सहयोग दिएको नेपाली मिडियामा व्यापक प्रचार भयो । तर पूर्वनिर्धारित योजना अनुसार यस्तो सरल तरिकाले विपक्षलाई असफल बनाइयो कि त्यो प्रचारमाथि कसैले विश्वास गरेन । आफू पनि विश्वासको मत नलिने र विपक्षलाई पनि बहुमत हुन नदिने पूर्वनिर्धारित रणनीति सफल पार्टी पुनश्चः आफै सत्तासीन भए ।

भ्रष्टाचारका मतियार प्रतिगामी, निरंकूश, संविधान विरोधी, कानून विरोधी सबै अलंकारबाट विभूषित गरेर विपक्षले ओलीको विरोध गरेपनि ओलीको केही नबिग्रेको र उनले विपक्षीको धेरै बिगार गरेको देखिन्छ । उनलाई स्वेच्छाचारी भनेर प्रचण्डसँग मिलेर विरोध गर्ने माधव नेपाल गुट अन्ततोगत्वा ओलीसँग नै "त्वम् शरणम्" गर्न बाध्य भए ।

> सधैं राजनीतिमा नयाँ तरंग ल्याउने केपी शर्मा ओली कानूनको नाकमुनी मनोवाञ्छित राजनीति गरेर कसरी सबैलाई चकित पार्न सकिन्छ, त्यो कला केपी शर्मा ओलीसँग मात्र छ । कसरी कसलाई निस्तेज पार्ने ओलीको चातुर्य चलनचल्तीको राजनीतिमा अनुकरणीय छ ।

सधैं राजनीतिमा नयाँ तरंग ल्याउने केपी शर्मा ओली कानूनको नाकमुनी मनोवाञ्छित राजनीति गरेर कसरी सबैलाई चकित पार्न सकिन्छ, त्यो कला केपी शर्मा ओलीसँग मात्र छ । कसरी कसलाई निस्तेज पार्ने ओलीको चातुर्य चलनचल्तीको राजनीतिमा अनुकरणीय छ । केपी शर्मा ओलीले फेरि नयाँ के राजनीति ल्याउने हुन् प्रतिक्षा गरौं ।

janukjha24@gmail.com

# जातीवादी नेता उपेन्द्र यादव



भोला बानिया

उपेन्द्र यादवको व्यक्तिवादी सोचका कारण जनता समाजवादी पार्टी वर्तमान अवस्थामा फुटको संघारमा पुगेको छ । कुनै बेला मधेशका मसिहा भनेर चिनिने उपेन्द्र यादव वर्तमानमा कुर्चीका मसिहा बनेका छन् । मधेशको हकअधिकारलाई स्थापित गराउनभन्दा पनि मन्त्रीको कुर्चीमा मन पराउने उनको संकुचित सोचका कारण मधेश मुद्दा धरापमा परेको छ । मधेश आन्दोलनका क्रममा थुप्रैले ज्यान गुमाए । थुप्रै मानिसहरु अपाङ्ग भएर जिवन गुजारिरहेका छन् । थुप्रै बच्चाहरु टुहुरा भए । थुप्रैका बुढेसकालको सहारा छोरा मारिए । थुप्रै मानिसहरु आफ्ना कामधन्दा छोडेर आन्दोलन गरे । तर त्यही जर्बजस्ती बनाइएको रगतले लतपतिएको संविधानलाई टेकेर उपप्रधान तथा स्वास्थ्यमन्त्री केपी ओली नेत्तृत्वको सरकारमा भए । मधेशका जनतालाई मुर्ख बनाउँदै उपेन्द्र यादव सत्तालिप्सामा टाँसिन पुगे । मधेशका जनताले संविधान संशोधन गराएर मधेशका माग पूरा भएपछि मात्र सरकारमा गएर मन्त्रीको कुर्ची पड्काउन भनेका थिए । तर उपेन्द्र यादवको अहमता र जातीय नश्लले वर्तमानमा उनलाई पतनतिर डोहोऱ्यो । उनले आफ्नो खुट्टामा आफै बन्चरो हाने । काङ्ग्रेस सभापति शेरबहादुर देउवाले गृहमन्त्रीको दिवा सपना देखाएपछि आफ्नै पार्टीका पहिलो अध्यक्ष अनि मधेशको राजनीतिमा नै परिपक्व र त्यागी नेता महन्थ ठाकुरको ह्विपलाई उल्लंघन गर्दै देउवासँग टाँसिन पुगे । यसरी टाँसिनु पछाडी उनको एक मात्र उद्देश्य रहेको थियो जसरी भएपनि फेरि मन्त्रीको कुर्चि पड्काउने र देश विदेशतिर भ्रमण गर्न निस्कने । तर सहिदको आत्माले उनलाई सरापे पछि उनको गृहमन्त्री बन्ने सपना टरेर गऱ्यो । नेपालीहरुले निकै नै उच्चारणमा गर्ने वाक्य विनासकाले विपरित वुद्धि । जब मानिसहरुलाई पतनतिर जान हुन्छ उसले आफ्नो दिमाग पनि विपरित दिशमा लैजान्छ । अहिले उपेन्द्र यादवलाई त्यस्तै भएको छ । उनका विश्वासी पात्रहरु उनीदेखि टाढिदै गएका छन् । जसको मुख्य कारण उनी भित्र भएको अहमता हो । एकातिर उपेन्द्र यादवमा विद्धानहरुको विचारलाई कदर गर्नै र मनन गर्ने गुण उनीमा देखिदैन । त्यही कारणले त अहिले विद्वानहरु उनीदेखि टाढिदैछन् । एउटा गुण वानी व्यक्ति सधै अरुको कदर गर्दछ । तर अरुलाई कदर गर्ने शिष्टाचार उहाँमा देखिदैन । जुन प्रधानमन्त्री बन्नलाई विश्वासको मत लिने बेलमा प्रष्ट रुपमा देखियो । पार्टीको पहिला अध्यक्षले आफ्नो पार्टी तटस्थ रहने सदनलाई जानकारी गराए तापनि पार्टीको ह्विपलाई उल्लंघन गर्दै आफ्ना केही पिछलग्गु सांसदलाई देउवाको शरणमा लिएर पुगेका थिए । यसरी पार्टीको ह्विप नमान्ने, आफुभन्दा सिनियर नेताले भनेको नटेर्ने व्यक्तिलाई पार्टी भित्रबस्ने कुनै अधिकार हुँदैन । यस्ता व्यक्तिलाई पार्टीले हदैसम्म कारबाही गर्नुपर्छ जुन सर्वमान्य मान्यता रहदै आएको छ । आफुभन्दा सिनियर र आफुभन्दा निकै अनुभवी व्यक्तित्वको विचारलाई कदर गर्न नसक्नु मुर्खपनको सन्देश हो । यसले पार्टीलाई विभाजनतिर लैजान्छ । जसले भविष्यमा ठूलो नोक्सान पुऱ्याउँछ ।

भारतका समाजवादी पार्टीका संस्थापक नेता मुलायम सिंह यादवको विचारबाट उपेन्द्र यादव प्रभावित देखिन्छन् । जसरी मुलयाम सिंह यादवले भारतमा यादव र मुस्लिमको भोटलाई भोट बैंकको रुपमा राख्दछन् त्यस्तै गरी नेपालमा उपेन्द्र यादवले मुस्लिम र यादवलाई भोट बैंकको रुपमा लिन्छन् । जुन प्रष्ट रुपमा देखिन्छ कि केपी ओली नेत्तृत्वको सरकारमा उनको पार्टीले ३ वटा मन्त्री पाएको थियो । जसमा १ मन्त्री र १ राज्यमन्त्रीमा यादवको कब्जा रहयो र १ मन्त्रीमा मुस्लिमको कब्जा रहयो । अब यहाँ प्रश्न उठ्छ कि के उनको पार्टीमा यादव र मुस्लिमबाहेक अरु जातहरु मन्त्री बन्नको लागि असक्षम थिए वा उनीहरुलाई जानी जानी नबनाइएको । उपेन्द्र यादव सम्पूर्ण मधेशीहरुको नेत्तृत्वकर्ता नभएर केवल केहि सिमित जातको नेत्तृत्वकर्ता बनेका छन् । उपेन्द्र यादव मुलयाम सिंह यादवबाट यति प्रभावित भए कि आफ्नो पार्टीको नाम पनि समाजवादी पार्टी नै राखे । उपेन्द्र यादव जातीवादी राजनीतिबाट माथी उठन नसकेका कारण उनी मधेशका असक्षम नेता सावित भएका छन् । वि.सं. २००७ सालको प्रजातन्त्र स्थापनापछि ४ जना मधेशका यस्ता नेता छन् जो मन्त्रीको कुर्ची पाएपछि आफ्ना सबै माग बिर्सन्छन् । तिनीहरुमा बेदानन्द झा, बद्री मण्डल, श्यामसुन्दर गुप्ता र उपेन्द्र यादव रहेका छन् । यी ४ नेताहरु मधेशका इतिहासमा कुर्चीलाई निकै नै महत्वपूर्ण रुपले हेर्ने गर्दछन् । जुन सबैको सामु प्रष्ट छ ।

# राजेन्द्र महतोलाई संसदीय दलको नेता बनाउनु गुटगत निर्णय मात्र हो



## आङ्काजी शेर्पा

### केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल

**० जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवद्वारा जारी संयुक्त प्रेस वक्तव्यले आन्तरिक विवाद समाधान भयो त ?**

**– जनता समाजवादी पार्टीभित्र त्यस्तो सैद्धान्तिक अन्तर्द्वन्द्व छैन। तर नेपालको कुनै विकसित राजनीतिक घटनाक्रमलाई बुझ्ने फरक-फरक दृष्टिकोण बीचको एउटा अन्तर मात्र हो। अन्य पार्टीहरुमा जुन विशाल अन्तर्द्वन्द्व छ, त्यो खालको जसपाभित्र होइन। त्यो अन्तर्द्वन्द्वलाई समाधान गर्ने प्रक्रियामा अहिले प्रवेश भएको छ।**

**० समाजवादी र राजपाबीच एकीकरण भएको एक वर्षमा नै किन त्यत्रो अन्तरद्वन्द्व चर्कियो त ?**

**– प्रधानमन्त्रीले संसदको विश्वासको मत लिने सन्दर्भमा जसपाभित्र एउटा सहमति भएको थियो कि यो कुरामा सांसदहरुलाई स्वविवेकीय अधिकार दिने। त्यसमा जसपाभित्र एक मत रहेको थियो कि जो तटस्थ बस्न चाहन्छन् तटस्थ रहने, जसले विश्वासको विरुद्धमा मत हाल्न चाहन्छन् उसले विरुद्धमा मत हाल्न पाउने। यसमा कुनै विमति थिएन। सरकार गठनको सन्दर्भमा कुन नेतृत्वलाई समर्थन दिने भन्नेबारे थोरै हाम्रो बीचमा फरक अन्तरविचार र अन्तरदृष्टिकोणहरु थियो। त्यसमा एउटा पक्षले अहिले सत्ता पक्ष केपी ओली पनि भएको र केपी ओलीले कमसेकम हाम्रा मुद्दाहरु सम्बोधन गर्छु भन्ने एक प्रकारको प्रक्रिया थालनी गरेको हुनाले अहिले केपी ओलीको विरुद्धमा नजाऔं र समर्थन पनि गरौं भन्नेमा पनि नजाऔं एकथरिका साथीहरुको भनाई थियो।**

**० जसपाका नेता कार्यकर्ताहरु गुट-उपगुटमा विभाजित देखिएका छन्, यो लोकतान्त्रिक पार्टीमा हुने सामान्य कुरा हो त ?**

– प्रतिगमनकारी ओलीले असंवैधानिक तरिकाले संसद विघटन गरे, केपी ओलीले जतिसुकै माग सम्बोधन गरे पनि त्यसको मतियार हामी बन्दैनौं भन्ने अर्को धार थियो। ती दुई धारबीचको सम्वादविहीनताका कारण समस्या थोरै जटिल भएको थियो। त्यसमा अन्य शक्तिहरुले जसपा फुटोस्, टुटोस् भन्नेहरु अलिकति खेल्ने ठाउँ पनि पाए। त्यो बीचमा हाम्रा पार्टीका एक-दुईजना साथीहरुले व्यक्तिगत स्वार्थका निम्ति कुन नेताको धपौरे भएको खण्डमा भोली आफू कहाँ पुग्न सकिन्छ भन्ने हिसाबले आफ्ना नेतालाई खुसी पार्नका लागि अर्को पक्षका नेताप्रति गालीगलौज गर्ने काम गरे, त्यो पनि ठिक गरेनन्। त्यसकारण हाम्रा सम्पूर्ण नेतागण र कार्यकर्तालाई के भन्न चाहन्छौं भने उत्पीडित जनसमुदायको मुक्तिका लागि यो पार्टी एकताबद्ध भएको हो। त्यसकारणले हाम्रो बीचमा एउटा साना-तिना वैचारिक अन्तर आउने बित्तिकै हामीले यस्तो प्रकारको गुटबन्दी व्यवहार, नेताहरुको आलोचना गर्ने, गालीगलौज गर्ने काम राम्रो होइन। त्यस्तो नगर्नका लागि पनि आज हाम्रा नेताद्वय महन्थजी र उपेन्द्रजीको संयुक्त प्रेस विज्ञप्तिमा पनि उल्लेख भएको छ।

**० एकअर्काप्रति आरोप-प्रत्योप र गालीगलौज गर्नेहरुलाई पार्टीले अनुशासनको कारबाही किन गर्दैन त ?**

**– कुनै पनि स्वविवेक प्रयोग गर्ने अधिकार कार्यकर्ता र नेतालाई दिनुको मतलब नेता कार्यकर्ताहरु गुट-उपगुटमा बाँझ्ने, विभाजित भएको एकअर्काप्रति आरोप-प्रत्योप र गालीगलौज गर्नु पार्टी पद्धतिसम्म होइन भन्ने कुरामा सजग पनि बनाएको छ। त्यसकारणले हाम्रो लागि त्यो शुभ संकेत र खुशीको खबर पनि हो।**

**० जसपा अध्यक्षद्वयको विज्ञप्तिअनुसार कसैको नेतृत्वमा जसपा सरकार जाँदैन त ?**

**– अहिले देखिएका सम्पूर्ण समस्याहरुलाई सुक्ष्म ढंगले विश्लेषण गरेर जसपा अगाडि बढ्नुपर्छ। तत्काललाई पार्टीका अध्यक्षद्वयले जारी गर्नुभएको विज्ञप्तिलाई हेर्दा के भनिएको छ भने तत्काल हामी कसैको सरकारमा जाँदैनौं। यदि हाम्रै नेतृत्वमा सहकार्य गठन हुने सम्भावना देखियो भने त्यसका लागि पहल दुबै अध्यक्षले गर्ने भन्ने कुरामा सहमति देखियो। अहिले हामी न केपी ओलीको सरकारमा जान्छौं न त देउवाको सरकारमा जान्छौं। पार्टीभित्र देखिएका अन्य विवादहरु समाधानका लागि हाम्रो केन्द्रीय कार्यकारिणी समितिको बैठक बस्दैछ। अहिलेको वर्तमान राजनीतिक सन्दर्भ र विभिन्न राजनीतिक दृष्टिकोणबारे एउटा ठोस निर्णयका जेठ ८ र ९ गते बैठक बोलाइएको हो। त्यो बैठकको निर्णय उपेन्द्रजीले पनि मान्नुहुन्छ र महन्थजीले पनि मान्नुहुन्छ।**

**० प्रधानमन्त्री ओलीले फेरि विश्वासको मत लिनुपर्ने अवस्था छ, जसपाले साथ दिँदैन ?**

**– अहिले माधव कुमार नेपाल र केपी ओली समूहबीच एकीकरण भइसकेको अवस्थामा एउटा सानो टुक्रा मात्रले पनि समर्थन गर्ने बित्तिकै यही सरकारको निरन्तरता हुने अवस्था छ। त्यो अवस्थाले जसपाभित्र एक प्रकारको समस्या उत्पन्न गर्ने भएकोले नेताहरुले असाध्यै दूरदर्शीपूर्ण तरिकाले तत्काल जसपा कुनै सरकारलाई समर्थन पनि नगर्ने र सहभागी पनि हुने निर्णय गरेको छ। जसपाकै नेतृत्वमा सरकार गठन हुन्छ भने त्यसका लागि पहल गर्ने दुवै अध्यक्षले निर्णय गर्नुभएको छ।**

**० जसपाको नेतृत्वमा सरकार बन्ने सम्भावना देख्नुहुन्छ ?**

– प्रधानमन्त्रीले आफू अनुकूल भयो भने ३० दिनभित्र जहिले पनि विश्वासको मत लिन सक्छन्। यदि हाम्रो जसपा एक ढिक्का रहयो भने केपी ओलीले विश्वासको मत प्राप्त गर्ने सम्भावना कम हुन्छ। एउटा सम्भावना के छ भने ओलीले यदि प्रचण्डलाई सहमतिमा ल्याएर यदि पूरानै कम्युनिष्ट पार्टीहरुलाई एकीकृत रुपमा लाने हो भने केपी ओलीको सरकार टिक्यो, होइन भने ओलीको सरकार टिक्न सक्ने अवस्था छैन। प्रतिपक्षी कांग्रेसले ओलीको सरकारलाई समर्थन गर्दैन। यदि त्यस्तो हुँदैन भने कांग्रेस, माओवादी केन्द्र र जसपाले एउटा प्रस्ताव गरेर वैकल्पिक सरकारको दाबी गर्न सक्छ। त्यो पनि हुन सकेन भने सबैभन्दा ठूलो दलको हैसियतले प्रधानमन्त्री ओलीले मध्यावधि चुनावको घोषणा गर्न सक्छन्। अहिलेको अवस्थामा हाम्रो पार्टीका लागि मध्यावधि चुनाव उपयुक्त होइन। किनभने हाम्रो समायोजन प्रक्रिया टुंगिसकेको छैन।

**० जसपाको संसदीय दलको नेता राजेन्द्र महतो चुनिएका छन्, तर त्यसको पनि विरोध भइरहेको छ। किन ?**

**– अवैधानिक तरिकाबाट गरिएका निर्णयहरुलाई दुवै अध्यक्षको संयुक्त विज्ञप्तिले इन्कार गरेको अवस्था छ। किनकि लुम्बिनी प्रदेशका चार जना सांसदहरुलाई कारबाही गरेको पनि अवैधानिक भएको महन्थजीले दावी गरिरहनुभएको छ भने उपेन्द्रजीले पनि राजेन्द्र महतोलाई जसरी दलको नेतामा चयन गरियो त्यो अवैधानिक हो भनिरहनु भएको छ।**

**० तर, दुई अध्यक्षको संयुक्त वक्तव्यपश्चात् राजेन्द्र महतोलाई संसदीय दलको नेता चयन गरिएको पत्र संघीय संसद सचिवालयलाई जानकारी गराइएको भन्ने सार्वजनिक भयो नि ?**

**– यसको पछाडि थोरै षड्यन्त्र भएको हामी** देख्दैछौं। यथार्थ कुरो अहिलेसम्म पनि बाहिर आएको छैन। विधि विधानको प्रक्रियाविपरीत हुने कुनै कार्य मान्य हुँदैन। चाहे त्यो लुम्बिनी प्रदेशका सांसदहरुलाई कारबाही गरिएको होस् अथवा संसदीय दलको नेता टुंगो लगाइएको होस्। पार्टीको विधान र प्रक्रियाबाट नै निर्णय गर्नुपर्छ। घर-घरमा बैठक बोलाएर वा हस्ताक्षर गराएर गरेका निर्णयहरु वैधानिक दिनु भनेको पार्टीलाई विभाजनको संघार पुऱ्याउनु हो। महतोलाई संसदीय दलको नेता बनाउने निर्णय गुटबाट मात्रै भएको हो, पार्टीको आधिकारिक समितिले गरेको होइन।

**० संसदीय दलको नेता राजेन्द्र महतोलाई बनाउने भनेर जेन्टलम्यान एग्रीमेन्ट भएको थियो नि ?**

**– राजपा र समाजवादी पार्टीबीच एकीकरण** हुँदा शीर्ष तहमा संघीय परिषद्को अध्यक्ष डा.बाबुराम भट्टराई, अध्यक्षद्वय महन्थजी र उपेन्द्रजीलाई बनाउने सहमति भयो। अशोक राई र राजेन्द्र महतोलाई वरिष्ठ नेता बनाउने सहमति भयो र राजेन्द्र श्रेष्ठलाई पनि छैटौं तहको नेता मान्नुपर्छ भनेर तत्काल उहाँलाई आमन्त्रित पदाधिकारीको रुपमा मान्यता दिइएको छ। त्यसकारणले हाम्रा नेताहरुले दोहोरो जिम्मेवारीको मापदण्ड अन्त्य गरेर एक व्यक्ति एक पद सिद्धान्तको आधारमा अगाडि बढिसकेको अवस्थामा पार्टीले व्यवस्थापन गर्ने कुरा हो। हाम्रा समायोजन प्रक्रिया अझै पनि टुंगिसकेको छैन। समायोजन हुँदा यी कुराहरु समेटिनेछ। ८ र ९ गते बस्ने बैठक हाम्रो लागि अति महत्वपूर्ण हुनेछ।

# सामाजिक कार्यमा क्लोथ बैंकको अग्रणी भूमिका



## राजीव झा

### अध्यक्ष, क्लोथ बैंक नेपाल

**० क्लोथ बैंक नेपाल कोरोना महामारीमा कस्तो भूमिका निर्वाह गर्दैछ ?**

**– सामाजिक कार्यमा अग्रणी भूमिका निर्वाह गर्ने उद्देश्यका साथ यो क्लोथ बैंक नेपाल स्थापना भएको हो। नयाँ लुगा संकलन गरेर विपन्न, असहायहरुलाई वितरण गर्ने उद्देश्यका साथ हामीले क्लोथ बैंकको सुरुवात गरेका थियौं। त्यसपछि आफ्नो कार्य क्षेत्रलाई विस्तार गर्दै नेपालमा आइपरेको आपत-विपत् अथवा दैवी प्रकोपमा परेकाहरुलाई सहयोग गर्दै आफ्नो दायरा बढाउँदै गयौं। गत वर्षदेखि नेपालमा कोरोना महामारी सुरु हुँदा क्लोथ बैंकले चिकित्सकहरुको एउटा टिम बनाएर होम आइसोलेसनमा बस्नेहरुलाई निःशुल्क चिकित्सकीय सल्लाह, सुरक्षा सामग्रीहरु र निःशुल्क औषधि उपलब्ध गराउँदै आएको छ। हामीले अक्सिजन बैंकको पनि स्थापना गऱ्यौं, निःशुल्क उपलब्ध गराउँदै आएका छौं।**

**० तीव्रगतिमा कोरोना फैलिरहँदा कसरी सेवा दिइरहनुभएको छ ?**

**– क्लोथ बैंकले निःशुल्क चिकित्सकीय परामर्श, औषधि लगायतका सामग्रीहरु वितरण गरिरहेको छ। हामीले गर्ने गरेको कामहरुबारे जनस्तरसम्म सूचना गइसकेको छ। हामीले दिनहुँ यस्ता सेवाहरु विस्तार गर्दै गएका छौं। हामीले गाउँसम्म नै चिकित्सक र स्वास्थ्य सामग्री पठाउँदै आएका छौं। हामी यो सम्वाद गरिरहँदा पनि एक जना दलित समुदायका वडाअध्यक्षको अवस्था गम्भीर हुँदा स्वास्थ्य सामग्रीसहित चिकित्सक पठाएका छौं। तर हामीसँग सीमित साधनस्रोत छन्। यो सीमित साधनस्रोतबाट नै उपचारबाट वञ्चित असहाय तथा विपन्नहरुको सेवा गरिरहेका छौं। होम आइसोलेसनको अवधारणा हाम्रो क्लोथ बैंक नेपालले नै ल्याएको हो। यस्तै अक्सिजन बैंक स्थापना गर्ने अवधारणा पनि सुरुमा हामीले नै ल्यायौं र त्यो अहिले विभिन्न ठाउँहरुमा भइरहेका** छन्। यस्ता कार्यहरुमा राज्यले अग्रसरता लिनुपर्छ। किनभने राज्यसँग धेरै साधनस्रोतहरु हुन्छ।

यदि राज्यले अग्रसरता लियो भने कोरोनाका कारण औषधि उपचार नपाएर एउटा पनि विरामीको ज्यान जाँदैन। इमान्दारीका साथ सक्रिय भएर यो महामारीसँग लड्ने प्रयास राज्यबाट नै भयो भने हामी नियन्त्रण गर्न सक्छौं।



**० मुलुकमा अहिले तीन तहको सरकार छ, कस्तो भूमिका पाउनुहुन्छ ?**

**– मुलुकमा तीन तहको सरकार हुँदा पनि महामारीमा सन्तोषजनक उपस्थिति छैन। स्वास्थ्य, शिक्षा र रोजगारको जिम्मा राज्यको हुन्छ। यहाँको स्वास्थ्य क्षेत्रको यस्तो भयावह अवस्था छ कि मान्छे विरामी पर्दा अस्पताल जान पनि डराउँछन्। कतिपय सर्वसाधारणसँग उपचारका लागि पैसा पनि हुँदैन। यस्तो अवस्थामा राज्यले आफ्नो जिम्मेवारी बहन नगर्नु दुःख हो। तीनै तहको सरकार महामारी रोकथाम तथा नियन्त्रणमा पूर्णरुपमा असफल साबित हुँदैछन्।**

**० यस्तो महामारीका बेला पनि जनता राज्यविहीनताको अवस्थामा छन् त ?**

**– राज्यलाई जनतासँग कर लिनुबाहेक अन्य कुराको मतलब छैन। यस्तो बेला पनि भ्रष्टाचार चरम सीमामा पुगेको छ। विश्वमै सबभन्दा बढी भ्रष्टाचार नेपालमा भइरहेको छ। कतिपय जनप्रतिनिधिहरु कमिशनको खेलमा लागेका छन्। यो कुरा राज्यकै निकायबाट सार्वजनिक भएको छ। अस्ति भर्खरै स्वास्थ्य मन्त्रालयले भन्यो कि कमिशन नदिँदा खोप ल्याउन सकिएको छैन। राज्यले आफ्नो जिम्मेवारी बहन नगरेर जनतालाई आफ्नै नियतिमा छोडिदिएको छ। जनता अहिले भगवान भरोसे बाँचिरहेका छन्। बिना कमिशन सामान्य प्रयास पनि भइरहेको देखिँदैन।**

**० दिनप्रति दिन कोरोना बढ्दैछ, लकडाउन पनि जारी नै छ। तैपनि कोरोनाको चेनब्रेक किन भइरहेको छैन ?**

**– विश्व स्वास्थ्य संगठनले जारी गरेको स्वास्थ्य मापदण्ड कडाइका साथ कार्यान्वयन नहुँदा कोरोनाको चेनब्रेक भइरहेको छैन। मान्छेबाट मान्छेमा तीव्रगतिमा सर्ने रोग हो। यसको चेनब्रेक गर्ने एउटा माध्यम हो** लकडाउन। मान्छेहरुले कडाइका साथ यसलाई पालना नगरिदिँदा यस्तो भयावह अवस्था हुँदैछ। स्वास्थ्य क्षेत्रमा राज्यको प्रभावकारी उपस्थिति पनि नदेखिएको हो। राज्यका संयन्त्रहरु चुस्तदुरुस्त हुनुपर्छ। यो कोरोना महामारीसँग लडिरहेका सम्पूर्ण स्वास्थ्य क्षेत्रका योद्धाहरुलाई राज्यले प्रोत्साहन र सम्मान गर्नुपर्छ। यस्तो अवस्थामा पनि राज्यबाट नै स्वास्थ्य क्षेत्रमा क्रियाशीलहरु हतोत्साहित भइरहेका छन्। स्वास्थ्य क्षेत्रका योद्धाहरुलाई हतोत्साहित गर्ने काम बन्द गर्नुपर्छ। अस्पतालका चिकित्सक तथा कर्मचारीहरुमाथि हातपात जस्ता कार्यहरु भइरहेका छन्। यस्ता कार्यहरुको नियन्त्रण हुनुपर्छ।

**० क्लोथ बैंकको स्रोत के हो ? कसरी व्यवस्थापन गर्दै हुनुहुन्छ ?**

**– हामीले निःशुल्करुपमा गर्दै आएको सामाजिक कार्यमा कुनै पनि तहको सरकारबाट सहयोग पाएका छैनौं। बरु हामीले प्रदेश २ को सरकारलाई पत्र लेखेर मास्क, सेनिटाइजर र अक्सिमिटर माग गर्दा पनि कुनै सहयोग पाएनौं। हाम्रो स्रोत भनेको संस्थाका सदस्य,** शुभचिन्तक, जनकपुरधामका मनकारी व्यक्तिहरु, संघसंस्थाहरु छन्। हामीलाई धेरै पैसाको आवश्यकता पनि छैन। हामीलाई एमआए संस्थाले अलिकति औषधि उपलब्ध गराइदियो। यहाँका जनता, व्यवसायी र शुभचिन्तकहरुलाई धन्यवाद दिन चाहन्छौं। उनीहरुको सहयोगमा हामीले असहाय तथा गरीब जनताहरुलाई सेवा गर्न पाएका छौं। हाम्रो संस्थाका सदस्यहरु आफ्नो पैसा लगाएर, ज्यान जोखिममा राखेर दिनरात एक गरेर काम गरिरहेका छन्।

**० क्लोथ बैंकलाई अन्य के-के सहयोग भइदिए राम्रो हुन्थ्यो ?**

**– सीमित स्रोतसाधनबाट हामी आफ्नो स्तरबाट गरिरहेकै छौं। हामीसँग प्रविधि र चिकित्सकहरुको टोली पनि छ, राज्यले हामीसँग समन्वय र सहकार्य गरेर गर्न सकियो भने अझ प्रभावकारी ढंगले बढीभन्दा बढी सर्वसाधारणसम्म सेवा सुविधा पुऱ्याउन सकिन्छ। हामीले प्रदेश २ का मुख्यमन्त्री समक्ष प्रस्ताव राखेका थियौं, उहाँले आश्वासन पनि दिनुभएको थियो तर काम अगाडि बढेन। केन्द्र सरकारको प्रतिनिधि सिडियो साहेब हुनुहुन्छ, उहाँको सहयोग पाएकै छौं।**

**० प्रदेश २ सरकारको भूमिका कस्तो छ त ?**

**– कुनै पनि प्रदेश सरकारले प्रभावकारीरुपमा आफ्नो उपस्थिति देखाउन सकेको छैन। समग्रमा तीनवटै सरकारको भूमिका प्रभावकारी छैन। त्यसबाट जनता सन्तुष्ट हुने अवस्था छैन।**

**० क्लोथ बैंकको तर्फबाट के आह्वान गर्न चाहनुहुन्छ ?**

**– कुनै पनि आपत-विपत्का बेला क्लोथ बैंक सदैव पीडितको साथ हुन्छ र सबै साथ पनि हामीलाई चाहिएको छ। कतिपयले हाम्रो यस संस्थाप्रति भ्रम छर्ने काम पनि गरिरहेका छन्, त्यो भ्रममा नपर्न आग्रह गर्दछु। हामी पीडितहरुको साथमा छौं। यो संस्था प्रचारबाजी गरेर वा कुरा मात्रै गरेर जनतामाझ लोकप्रिय भएको छैन। हामी काम गरेर देखाइरहेका छौं।**

# प्रधानमन्त्री ओलीलाई शेरबहादुरको १५बुँदे ज्ञापन

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।
विषय : ज्ञापन–पत्र ।

कोभिड–१९ महामारीको पहिलेको चरण भन्दा यो चरण कयौं गुणा भयावहसिद्ध भएको छ । सीमा नाकाहरुको समयमा नै समुचित व्यवस्थापन गर्ने तर्फ सरकार गम्भीर नुहँदा पनि यो अवस्था सिर्जना भएको हो । संक्रमण दर र मृत्यु दर उच्च गतिमा बढेको छ । जेठ ५ गते अपरान्हसम्म ५,६५७ जनाको दु:खद मृत्यु भैसकेको छ । कोरोना भाइरसको अझ बढी घातक नयाँ नयाँ भेरियन्ट देखा परिरहेका छन् । युवाहरुमा देखिएको बढ्दो संक्रमण र मृत्युदर थप चिन्ताको विषय भएको छ । संक्रमित संख्या ४,८०,४१८ ( परिक्षण भएका मध्ये ३९ प्रतिशत) पुगिसकेको छ । पिसिआर परिक्षणको न्यून संख्याको कारण यस्तो संक्रमण उल्लेखित संख्या भन्दा धेरै बढी हुन सक्ने अनुमान गरिएको छ । अहिले कोभिड–१९ को संक्रमण समुदाय स्तरमा र छोटो समयमा देशको दुर्गम गाउँहरुमा समेत फैलिएको छ ।

संक्रमितहरुको उपचार गर्न देशको स्वास्थ्य संरचनाले धान्नै नसक्ने स्थिति बनेको छ । बढ्दो संक्रमणसँगै स्वास्थ्य सुविधा नभएका ठाउँहरुको स्थिति नाजुक बनेको छ भने केही स्वास्थ्य सुविधा भएका ठाउँहरुमा पनि बाहिरबाट आउने विरामीहरुको अत्याधिक चापले सेवा पु¥याउन असम्भव भएको छ । बढ्दो विरामीको चापसँगै विशेष गरेर अक्सिजन र आइसियु बेडको तड्कारो अभाव देखिन थालेको छ । सीमा नाकाहरुमा यथेष्ट परिक्षणको अभाव, होल्डिङ सेन्टर र क्वारेन्टाइन केन्द्रहरुको समुचित व्यवस्था नहुँदा देशभित्र द्रुत गतिमा संक्रमण प्रवेश गरेको छ ।

निषेधाज्ञाको पनि वैज्ञानिक व्यवस्थापन नहुँदा देशभित्र पनि संक्रमित क्षेत्रहरुबाट संक्रमण नभएका क्षेत्रहरुमा चाँडो संक्रमण फैलदो छ । सरकारको नेतृत्वपंक्तिको अगुवाईमा गत समयमा भएका भीडभाड, तडकभडक र उद्घाटन कार्यक्रमहरुले संक्रमण द्रुत गतिमा बढ्न मद्दत गरेको छ ।

संक्रमित विरामीहरुलाई टाढा–टाढाबाट सिमित सहरी क्षेत्रहरुमा रहेका अस्पतालहरुमा पु¥याउन यातायात सुविधाको समस्यासँगै हेलिकोप्टर लगायतका यातायातका साधनको चर्को मूल्यले सामान्य नागरिकलाई अस्पतालमा पुग्न असम्भव भएको छ भने अस्पतालमा पुगेका विरामीहरुले चर्को अस्पताल खर्च व्यहोर्न पर्ने स्थितिले आम नागरिकहरु स्वास्थ्य सेवा पहुँच भन्दा बाहिर भएको छ । गत सालको बजेटमा देशको स्वास्थ्य संरचनालाई व्यापक विस्तार गर्ने घोषणा भएता पनि नगन्य सुधार भएको कारण उपचारको आवश्यकताको तुलनामा आपूर्ति अत्यन्त न्यून देखिएको छ । स्वास्थ्य मानव संसाधन आवश्यकता भन्दा कम हुँदा स्वास्थ्य सेवा गम्भीर रुपमा प्रभावित भएको छ ।

स्वास्थ्यकर्मीहरुलाई घोषणा गरिएको वीमा र जोखिम भत्ताको समयमा सुनिश्चितता नहुँदा सेवामा अहोरात्र खट्ने स्वास्थ्यकर्मी, सफाईकर्मीहरुमा उत्साह थप्न सकिएको छैन ।

ट्रेसिङ र त्यसका आधारमा लक्षित पिसिआर परिक्षणको अभावमा संक्रमितहरुको संख्या निकै बढी भएको सहजै अनुमान गर्न सकिन्छ । उपचार पहुँचको अभावमा मृत्यु हुनेहरुको संख्या पनि सार्वजनिक गरिएको संख्या भन्दा बढी छ । उचित मनोवैज्ञानिक परामर्श, रोकथाम र उपचारका प्राथमिक सूचना र सल्लाहले धेरै संक्रमितहरुलाई गम्भीर विरामी भएर अस्पताल जानु पर्ने अवस्थाबाट रोक्न सक्छ । तर त्यस्तो परामर्श र हटलाइनको समुचित व्यवस्था सरकारले नगर्दा समस्या झन विकराल बनेको छ । अहिलेको दोस्रो चरणको संक्रमण मात्र होइन देशले तेस्रो चरणको संक्रमण ब्यहोर्न पर्ने चेतावनी विज्ञहरुले दिएका छन् । यस्तो अवस्थामा आम नागरिकहरुलाई कोभिड–१९ महामारीबाट छुटकारा दिलाउन भ्याक्सिनको चाँडो भन्दा चाँडो व्यवस्था मिलाउन आवश्यक छ । तर यस्तो संवेदनशील काममा पनि कमिशनको चक्करले ढिलासुस्ति आउनु अत्यन्त दु:खद कुरा हो ।

देशको अधिकांश ठाउँहरुमा गरिएको निषेधाज्ञाले नागरिकहरुको आर्थिक–सामाजिक जीवन कष्टकर हुँदैछ । निषेधाज्ञाको समय बढाउँदै जाने अवस्था आयो भने श्रमिक वर्ग, साना व्यवसायी र न्यून आय भएका नागरिकहरु ठूलो आर्थिक–सामाजिक संकटमा पर्ने निश्चित छ । पहिलो चरणको संक्रमणमा लामो लकडाउन व्यहोरेको देशको अर्थतन्त्र यसपालाको निषेधाज्ञाले झन् कमजोर बनेको छ ।

विश्व स्वास्थ्य संगठन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ–संस्था र नागरिक समाजले नेपाल सरकारलाई प्रभावकारी रोकथाम र उपचारका उपायहरु अवलम्वन गर्न सुझाउँदै आएका छन् । नेपाली कांग्रेसले पहिलो चरणको संक्रमणदेखि नै सरकारलाई कोभिड–१९ को महामारीलाई हल्का रुपमा नलिन र आवश्यक समाधानका उपाय अवलम्वन गर्न सचेत गराउँदै आएको हो । तर सरकारको नेतृत्वपंक्ति स्थितिको वास्तविकतालाई आत्मसात गर्नुको सट्टा आत्मप्रशंसामै मग्न रहेको हाम्रो निष्कर्ष छ ।

यस्तो परिस्थिति आउनुमा सरकारको चरम लापरवाही, संवेदनहीनता र अर्कमण्यता जिम्मेवार छ । सरकार न विगतका गल्तीबाट सिक्छ, न नेपाली कांग्रेस तथा अन्य सरोकारवालाहरुले दिएको सुझाव र सल्लाहलाई आत्मसात गर्छ । स्वास्थ्य मन्त्रालयमा पूर्वाग्रही किसिमले प्राविधिक स्वास्थ्य सचिवको स्थान खाली राखिएको छ र स्वास्थ्य मन्त्रालयको प्रभावकारितालाई कमजोर गरिएको छ । कोभिड संकट व्यवस्थापन केन्द्रको नेतृत्व अपारदर्शी, सतही र असक्षम सावित भएको छ । कोभिड–१९ को पहिलो चरणमा देखिएको चरम भ्रष्टाचार, दुरुपयोग र भेदभावको पुनरावृत्ति अहिले पनि देखिन थालेको छ ।

नेपाली कांग्रेस जनताको दु:ख कम गर्न पहिलो चरणको संक्रमणको बेलामा जस्तै अहिले पनि सक्रिय छ । तर सरकारसँग राज्यको साधन, स्रोत र संयन्त्र छ । हामीले त्यसको पूर्ति गर्न सक्ने कुरा भएन । यो अवस्थामा हामी फेरि पनि सरकारलाई यो संकटलाई रोक्न गम्भीर भएर काम गर्न माग गर्दछौं । नेपाली कांग्रेस कोभिड–१९ को संक्रमण रोकथाम र उपचारका लागि वृहत कार्ययोजना सहित निम्न कार्य गर्न सम्माननीय प्रधानमन्त्रीको गम्भीर ध्यानाकर्षण गर्दछ ।

१. हालको संक्रमण र भविष्यमा नयाँ भेरियन्टबाट हुन सक्ने तेस्रो चरणको संक्रमणबाट नेपाली जनतालाई सुरक्षित राख्न तत्काल आम जनतालाई खोपको सुनिश्चितता गरियोस् । यसका लागि कुटनैतिक पहल तीव्र पारियोस् । खोप आपूर्ति गर्ने व्यवस्था विचौलिया रहित र पारदर्शी ढंगबाट गरियोस् ।

२. पहिलो चरणमा स्वास्थ्य सामाग्री आपूर्तिमा देखिएको अनियमितता, भ्रष्टाचार तथा अहिले भ्याक्सिन आपूर्तिमा देखिएको कमिशनतन्त्रको सम्बन्धित निकायहरुबाट स्वतन्त्र रुपमा छानविन गर्ने वातावरण सुनिश्चित गरियोस् ।

३. हाल देखिएको अक्सिजनको चरम अभावलाई हटाउन अक्सिजन कन्सेनट्रेटर, अक्सिजन प्लान्ट र अक्सिजन सिलिण्डरको तत्काल आपूर्ति सुनिश्चित गरी पारदर्शी वितरणको व्यवस्था मिलाइयोस् ।

४. देशका हरेक जिल्लाहरुमा आवश्यकता अनुसार अस्पताल बेड, अक्सिजन, आइसियु र भेन्टिलेटर सहितको अस्पताल र आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था तत्काल गरियोस् ।

५. संक्रमणको तेश्रो लहरले बालबालिकाहरु समेत गम्भीर रुपमा प्रभावित हुने विज्ञहरुले प्रक्षेपण गरिरहेको स्थितिमा बालबालिकाहरुलाई संक्रमणबाट जोगाउने विशेष सचेतना अभियान चलाइयोस् । साथै संक्रममित हुने सम्भावनालाई ध्यानमा राखी छुट्टै आई.सि.यू. बेड लगायत आवश्यक उपचार पूर्वाधार तयार गरियोस् ।

६. कन्ट्याक्ट ट्रेसिङको आधारमा बढी भन्दा बढी पिसिआर परिक्षणको व्यवस्था गरियोस् । यस्तो परिक्षण हरेक जिल्लाहरुमा गर्ने व्यवस्था मिलाइयोस् । स्वाब संकलनका लागि घुम्ति टोलीको व्यवस्था गरी छिटो परिक्षणको नतिजा दिने व्यवस्था मिलाइयोस् ।

७. निजी अस्पतालहरुले उपचार शुल्क र हेलिकोप्टर कम्पनीहरुले रेस्क्यू सेवा शुल्क अत्याधिक लिने गरेको गुनासो व्याप्त छ । यसले गर्दा निम्न आय भएका दूरदराज क्षेत्रका कोरोना संक्रमित नागरिकहरुको उपचार अत्यधिक महँगो हुन गई अकालमा मृत्यु हुने स्थितिलाई दृष्टिगत गर्दै यस्ता शुल्कहरुलाई न्यायोचित गर्न सरकारले नियमन र सहुलियतको व्यवस्था लागू गरियोस् । निम्न आय भएकाहरुलाई नि:शुल्क उपचारको व्यवस्था गरियोस् ।

८. अक्सिजन लगायत अन्य आवश्यक औषधीहरुको आपूर्तिमा देखिएको कार्टेलिङ, कालाबजारी र जम्माखोरीलाई तत्काल रोकियोस् ।

९. कोभिड–१९ रोकथाम र उपचारका साथै कोभिड प्रभावित निम्न आय भएका आम नागरिक, श्रमिक वर्ग र श्रमजीवी पत्रकार, साना र मध्यम स्तरका व्यवसायीहरुको जीवन निर्वाहको आवश्यकताहरुलाई लक्षित गरी आर्थिक राहत प्याकेजको व्यवस्था गरियोस् । उद्योग व्यवसाय बन्द भएको अवस्थालाई ध्यानमा राखी पुर्नकर्जा सुविधा र व्याजमा सहुलियत दिने व्यवस्था मिलाइयोस् ।

१०. गत बजेटमा स्वास्थ्य पूर्वाधारको व्यापक विस्तार गर्ने घोषणा भए पनि उपलब्धी नगन्य भएकोले हरेक प्रदेशमा सुविधा सम्पन्न अस्पताल र देशको हरेक जिल्लामा न्यूनतम सुविधायुक्त स्वास्थ्य पूर्वाधारको सुनिश्चितता गरियोस् ।

११. आइसोलेसनमा रहेका संक्रमितहरुको मनोबल उच्च राख्न स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श दिने र उनीहरुको जिज्ञासाहरुलाई सम्बोधन गर्न हरेक जिल्लामा स्वास्थ्य परामर्श सेवा हटलाइनको व्यवस्था गरियोस् ।

१२. प्राविधिक स्वास्थ्य सचिवको तत्काल नियुक्ति गरियोस् । कोभिड–१९ संकट व्यवस्थापन केन्द्रको वर्तमान संरचना असफल भएकोले प्रभावकारी संयन्त्रको व्यवस्था मिलाइयोस् । प्रदेश सरकारहरुको कोभिड–१९ संक्रमण रोकथाम र उपचार संरचनालाई मजवुत गरियोस् ।

१३ स्थानीय निकायहरुलाई आवश्यक साधन, स्रोतको व्यवस्था गरी संक्रमणको प्रभावकारी रोकथाम, कन्ट्याक्ट ट्रेसिङ, संक्रमितहरुको आइसोलेसन, प्रारम्भिक स्वास्थ्य परामर्श र उपचारको पहुँचमा पु¥याउने व्यवस्थाका लागि जिम्मेवारी दिइयोस् ।

१४. सीमा नाका र अन्तर्राष्ट्रिय हवाई अड्डाबाट आवत–जावतलाई पिसिआर परिक्षण र अन्य कोभिड–१९ मापदण्डको सुदृढ व्यवस्थापनका आधारमा नियमन गरियोस् । विदेशमा जाने श्रमिकहरुको पिसिआर परिक्षणमा गरिएको कार्टेलिङको अन्त्य गरियोस् ।

१५. थप संक्रमण फैलिन नदिन र नागरिकहरुलाई संक्रमणबाट बचाउन मास्क अनिवार्य लगाउने, साबुन पानीले हाँत धुने, भौतिक दुरी कायम गर्ने लगायतका स्वास्थ्य सुरक्षा मापदण्डहरुलाई कडाईका साथ लागू गर्न अनुगमन संयन्त्र मजवुत गरियोस् ।

**जय नेपाल !**

**शेरबहादुर देउवा**
**सभापति**



## मधेश अपडेट

### भेन्टिलेटर र ५ लाख रूपैयाँ प्रदान

वीरगन्ज । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकारको तर्फबाट वीरगन्जको नारायणी अस्पताललाई २ थान भेन्टिलेटर हस्तान्तरण गरेका छन् । अस्पताल परिसरमा आयोजित एक कार्यक्रमबीच मुख्यमन्त्री राउतले २ थान भेन्टिलेटर हस्तान्तरण गरेका हुन् । वीरगन्जमा तीव्र रूपमा फैलिरहेको कोरोना भाइरस रोकथाम नियन्त्रण तथा उपचार गर्न अस्पताललाई भेन्टिलेटर हस्तान्तरण गरिएको मुख्यमन्त्रीका स्वकीय सचिव दीपक यादवले जानकारी दिए । अस्पतालका मेसु सञ्जय ठाकुरलाई भेन्टिलेटर मुख्यमन्त्री राउतले हस्तान्तरण गरेको यादवले बताए । साथै, अक्सिजनलगायत अत्यावश्यक औषधि व्यवस्थापन गर्न प्रदेश सरकारबाट २० लाख उपलब्ध गराउनेसमेत मुख्यमन्त्री राउतले आश्वासन दिए । यस्तै, पर्साको पोखरिया अस्पताललाई पनि प्रदेश सरकारकोतर्फबाट दिइएको ५ लाखको चेक हस्तान्तरण गरिएको छ । अस्पतालमै पुगेर उक्त रकम बराबरको चेक मुख्यमन्त्री राउतका स्वकीय सचिव यादवले पोखरिया अस्पतालका निम्ति मेसु सञ्जय साहलाई एक कार्यक्रमबीच हस्तान्तरण गरेका हुन् । पोखरिया अस्पतालमा उपचाररत संक्रमितको उपचारमा आवश्यक पर्ने अक्सिजनलगायत अति आवश्यक औषधि व्यवस्थापन तथा खरिद गर्न ५ लाख रुपैयाँको चेक हस्तान्तरण गरिएको हो ।

### मुख्यमन्त्रीद्वारा युएन एजेन्सीहरूसँग महामारी नियन्त्रणमा सहयोग गर्न अपील

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले कोरोना माहामारी नियन्त्रणका लागी आवश्यक सहयोग गरि दिन प्रदेश स्थित राष्ट्र संघीय निकाय (युएन एजेन्सी)हरुलाई अपील गरेका छन् । प्रदेश नीति तथा योजना आयोगको संयोजनमा मुख्यमन्त्री निवास मधेश भवनमा सम्पन्न युएन एजेन्सीहरु संगको छलफलमा मुख्यमन्त्री राउतले महामारी नियन्त्रणका लागी अतिआवश्यक देखिएको भेन्टीलेटर, अक्सीजन ग्यासको आपूर्ति, औषधी, जनशक्ति र भ्याक्सीन उपलब्ध गराई दिन अपील गरेका हुन् । युएन एजेन्सीजहरुले मुलुकलाई गर्दै आएको सहयोग प्रदेशमा खासै नपुगेको गुनासो गर्दै मुख्यमन्त्री राउतले युएन एजेन्सीहरुबाट आउने सहयोग प्रदेश २ सम्म ल्याउनका लागी पहल गर्न समेत प्रदेश स्थित प्रतिनिधिहरुलाई आग्रह गरेका छन् । युएन एजेन्सीजहरुले हालसम्म माहामारी नियन्त्रणमा गर्दै आएको सहयोगको लागी धन्यवाद दिँदै मुख्यमन्त्री राउतले अगामी दिनमा समेत सहयोगको अपेक्षा समेत व्यक्त गरेका हुन् । छलफलमा समाजिक विकास मन्त्री नवल किशोर साह, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा, युएनडिपीका धनबहादुर चन्द, युएनडीएसएसका जितेन्द्र जंग कार्की, डब्लुएचओका डा. सुरेशकुमार शुक्ला, आइओएमका पंकजलाल सिह, युनिसेफका अशोक कुमार झा र युएनएफपिएका नरेन्द्र मिश्रको सहभागिता रहेको थियो ।

### माओवादी नेतामाथि गोली प्रहार

कपिलवस्तु । कपिलवस्तुको कपिलवस्तु नागरपालिका-३ स्थित सडुवामा नेकपा (माओवादी केन्द्र)का नेता दिपक पाण्डेमाथि गोली हानिएको छ । अपरिचित व्यक्तिले चलाएको गोली लागेर माओवादी केन्द्रका जिल्ला नेता पाण्डे सहित दुईजना घाइते भएका छन् । गोली लागेर कपिलवस्तु घर भएका ३४ वर्षीय दिपक पाण्डे र भारत घर भएका २६ वर्षीय अयाज अख्तर मुसलमान र घाइते भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका डिएसपी धर्मराज भण्डारीले बताए । दिपक पाण्डे सहित ३ जना लु.९प ८५२१ नम्बरको मोटरसाइकलमा जर्लैयाखोला बाट तौलिहवातिर आउँदै थिए । भारत घर भएका वर्ष ३६ को मोहम्मद इसाद खानले मोटरसाइकल चलाएका थिए । उनीहरुमाथि पछाडिबाट एउटा मोटरसाइकलमा आएका तीनजनाले गोली हानेर भागेका हुन् । अयाजको बायाँ हातको कुममा गोली लागेको छ । उनको जिल्ला अस्पताल तौलिहवामा उपचार भइरहेको छ । दिपक पाण्डेलाई उपचारका लागी भैरहवा भेडिकल कजेलमा राखिएको छ । उनको ढाड र पेटमा गोली लागेको छ ।

### रौतहटमा थप सात दिन निषेधाज्ञा

रौतहट । जिल्ला प्रशासन कार्यालय रौतहटले दोश्रो पटक पुन: ७ दिनको लागि जिल्लामा निषेधाज्ञा थप गरेको छ । कोरोना संक्रमणको जोखिम कम गर्न जेठ १३ सम्म निषेधाज्ञा थप गरेको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ । यसअघि प्रशासनले वैशाख २४ गते राति १२ बजे बाट ३१ गते सम्म निषेधाज्ञा गरेको थियो । जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा निषेधाज्ञा भर अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्तिलाई घर बाहिर ननिस्कन आग्रह गरिएको छ । प्रशासनले जारी गरेको निषेधाज्ञा रौतहटमा पूर्णरुपले पालना हुन सकेको छैन । निषेधाज्ञाकै समयमा जिल्लाका अधिकांश भागहरुमा हाट बजार लाग्ने, होटेल तथा अन्य व्यापारहरु समेत सञ्चालनमा रहेका छन्। गौर नगरपालिकाको पूर्व पट्टि दैनिकरुपमा हाट बजार लाग्दा समेत सूचनामा भनिए जस्तो प्रशासनले कुनै कारवाही गर्न सकेको छैन । भित्रि बस्तीका पसल व्यवसाय संचालन तथा पूर्व पश्चिम राजमार्ग अर्न्तगत रौतहटको चन्द्रनिगाहपुर सडकखण्डमा अत्यावश्क बाहेकका यात्रुवाहक गाडीहरु समेत सञ्चालनमा रहँदा समेत प्रशासनले वास्ता गरेको छैन । रौतहटमा समुदाय स्तरमै ६७६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने ६१ जनाको उपचारको क्रममा ज्यान गएको छ ।

### भारतबाट आइपुग्यो लिक्विड अक्सिजन

भैरहवा । स्थानीय प्रशासनको सहजीकरणमा भारतबाट भैरहवा नाका हुँदै ५ सय सिलिण्डर लिक्विड अक्सिजन नेपाल आइपुगेको छ । यो अक्सिजन रुपन्देहीका अस्पतालमा उपचाररत कोभिडका बिरामीका लागि उपलब्ध गराइने छ । कोभिड संक्रमित बिरामी बढेपछि रुपन्देहीमा उत्पादनभन्दा माग अत्यधिक हुँदा अक्सिजनको हाहाकार छ । कतिपय बिरामीले अक्सिजनको अभावले ज्यान गुमाइसकेका छन् । ल्यान्ड इण्डिया लिमिटेड झारखण्डबाट शंकर अक्सिजन ग्यास प्रालि काठमाडौंबाट अक्सिजन आयात गरिएको हो । माहामारीको बेला अक्सिजनको अभाव हुन नदिन सरकारले यतिबेला अक्सिजनको आयातमा भन्सार छुट दिएको छ । एनएल ०१ एल ४६९८ नम्बरको ट्यांकरबाट भित्रिएको उक्त अक्सिजन शंकर ग्यास अक्सिजन प्रालिको रुपन्देही छिपागढस्थित प्लान्टबाट सिलिण्डरमा भरिने छ । शंकरको काठमाडौं, नारायणघाट र रुपन्देहीमा लिक्विड अक्सिजन सिलिण्डरमा भर्ने प्रविधि सहितको अक्सिजन प्लान्ट सञ्चालनमा छन् । शंकरका सञ्चालक शंकरलाल अग्रवालले अक्सिजन ढुवानी गर्ने ट्यांकको अभावले चाहेको परिमाणमा भारतबाट अक्सिजन आयात गर्न नसकिएको बताए । यतिबेला आफूसँग दुईवटा मात्र ट्यांक रहेको र ढुवानीका लागि अन्य ट्यांकको व्यवस्था मिलाउन नेपाल सरकार, राजदूतावास र अन्य उद्यमी व्यवसायी समेत जुटेको बताए ।

### हिन्दू स्वयंसेवकद्वारा नि:शुल्क खाना वितरण

वीरगन्ज । हिन्दू स्वयंसेवक संघ नेपाल, वीरगन्ज विभाग तथा संघ विचार परिवारले कोरोना प्रभावित तथा तिनका कुरुवालाई नि:शुल्क खाना वितरण गरिरहेको छ । संघले वीरगन्जको नेसनल मेडिकल कलेज मातहातमा वीरगन्ज १६ नगवामा सञ्चालित नेसनल मेडिकल कलेज कोरोना अस्पतालका बिरामी तथा कुरुवाका लागि नि:शुल्क भोजन वितरण गरिरहेको छ । अस्पताल स्थापना भएदेखि नै उपचार गराउन आउने बिरामी तथा उनका कुरुवाको बिजोग नै बन्दै गएको थियो । लकडाउनका कारण सम्पूर्ण बस्ने होटल र खाना खाने होटल बन्द हुँदा प्रभावित भएका थिए । खाना खाने होटल, बन्द हुँदा र लकडाउनमा सडकमा हिँड्दा प्रहरीले समेत दु:ख दिने गरेका थिए । संघले बस्न राम्रो प्रबन्ध र खानाको व्यवस्थापन गर्दै आएको छ । संघले नेसनल मेडिकलको कोरोना अस्पतालमा मात्र नभई वीरगन्जको नारायणी अस्पतालका रहेको बिरामी तथा कुरुवा र सडकपेटीमा रहेको गरिब जनताको लागि नि:शुल्क भोजन वितरण तथा राहत सामग्री उपलब्ध गराउँदै आएको छ । औषधि, भोजन, खाद्यान्न वा अन्य कुनै पनि प्रकारको सेवा लिनुपरेमा ९८५५०२०८०८, ९८०२९२०८०८ र ९८४८९०२९५६ मा फोन सम्पर्क गर्न पनि संघले अनुरोध गरेको छ ।

### अस्पताललाई पाच लाख हस्तान्तरण

मणि प्रसाद गैह्रे, कपिलवस्तु । लुम्बिनी एकीकृत विकास संस्था (लिडो नेपाल) द्वारा कपिलवस्तु अस्पताललाई पाँच लाख रुपैयाँ रकम हस्तान्तरण गरिएको छ । संस्थाका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य अतहर कमालले कपिलवस्तु अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.किशोर बन्जाडे र व्यवस्थापक रत्नाकर शुक्लालाई ५ लाखको चेक हस्तान्तरण गरिएको हो । करात च्यारिटी र लिडो सहयोगमा उक्त रकम सहयोग गरिएको हो । कोभिड विरामीको उपचार खर्च तथा अक्सिजन व्यवस्थापनको सहजताका लागि रकम दिइएको अध्यक्ष कमालले बताए । सरकारबाट अस्पताल व्यवस्थापन तथा उपचारमा उदासीनता देखिन लागेपछि सामाजिक संस्था र व्यात्तिगत रुपमा नै अस्पताललाई सहयोग गरी विरामीको ज्यान जोगाउने क्रम चलेको समेत अध्यक्ष कमालले बताए । विभिन्न स्थानीय तह, सामाजिक संस्था तथा सारेकारवालाको सहयोगमा कोभिडका बिरामीको उपचारमा सहजता तथा स्रोत व्यवस्थापन गर्न केही हदसम्म सहजता भएको कपिलवस्तु अस्पतालका मेडिकल सुपरिटेन्डन्ट डा. किशोर बन्जाडेले बताए । चेक हस्तान्तरण समारोहमा संस्थाकी कार्यक्रम संयोजक सुनिता बेल्वासे लगायतको सहभागिता रहेको थियो ।

### तिलोत्तमामा ४० बेडको कोभिड अस्पताल

बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले कोभिड अस्थायी अस्पताल निर्माण गरेको छ । तिलोत्तमा ९ केवलानीस्थित नगरपालिकाको सभाहल तथा अतिथि गृहमा ४० बेडको अस्पताल बनाइएको हो । अस्थायी अस्पतालमा सेन्टर फ्लो सिष्टमबाट संक्रमितलाई आवश्यकता अनुसार अक्सिजन दिन सकिने व्यवस्था मिलाइएको छ । बुधबार नगर प्रमुख बासुदेव घिमिरेले कोरोना फोकल पर्सन केशव भट्टराईलाई चाबी हस्तान्तरण गर्दै अस्थायी अस्पतालको उद्घाटन गरे । सभा हल भवनमा पर्याप्त पुर्वाधार रहेकाले क्रमश: एक सय बेड बनाएर संक्रमितको उपचार गर्न सकिने प्रवक्ता सुरेन्द्र श्रीले बताए । अस्थायी अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि नगर उपप्रमुख जागेश्वरी चौधरीको संयोजकत्वमा वडा नं. ९ का अध्यक्ष नारायण न्यौपानेसहितको एक समिति बनाइएको फोकल पर्सन केशव भट्टराईले बताए ।

# संकटमा पनि कमिसनकै खेल



**ललित कुमार यादव**

नागरिक बेगरको देश र देश बेगरको राजनीतिको परिकल्पना समेत गर्न सकिदैन। राजनीतिले नै देशको नेतृत्व गर्छ। तसर्थ जहाँ पनि र जहिले पनि राजनीतिको केन्द्रमा नागरिक नै हुन्छ र हुनै पर्छ।तर, नेपाली राजनीतिको केन्द्रमा नेपाली नागरिक रहेको महशुस गर्न अलि कठिन छ।देश कोरोनासँग जुद्धन बाध्य छ, तर, नेपाली राजनीतिमा केन्द्रदेखि प्रदेश सम्मका सरकार टिकाउने र गिराउने प्रतिस्पर्धा तिब्र गतिमा अगाडी बढेको छ। नागरिक अस्पतालमा बेड नपाएर भुईमै उपचार गराउन र केही उपचार नै नपाई मृत्यु रोज्न बाध्य छन्। राजनीति सत्ताकै खेलमा व्यस्त छ।नागरिकको ज्यान जोगाउन सक्नु नै अहिलेको लागि ठुलो उपलब्धि हो। नागरिकहरुसँग सरकार प्रति आशाको दृष्टीधले हेर्नु वाहेकको विकल्प छैन। सरकारसँग आफैले आफ्नै नागरिकसँग गरेको वाचा पुरा गर्न सक्ने सामर्थ्य नरहेको तथ्य बाहिरिएको छ।

कोरोना संक्रमण को बढदो दरका कारण नागरिक त्राहिमाम् अवस्थामा छ। संक्रमितहरु उपचारका लागि अत्यावश्यक अक्सिजन र रेमडिसिभिरको अभाव र कालोबजारी का सिकार हुन बाध्य छन्। संक्रमितहरुको चिन्ता जसरी पनि संक्रमणलाई जित्नुक छ। संक्रमित नभएपनि दैनिक काम गरे मात्र भोक टार्न सक्नेहरुको चिन्ता आफ्नो भोक कसरी टार्ने छ। कयौको चुल्हो बल्न सकेको छैन्। कयौले यहि अवस्थामा धेरै दिनसम्म चुल्हो बाल्न सक्ने सामर्थ्य राख्दैन्। रोगले भन्दा भोकले मर्न सक्ने जनसंख्या कम छैन हाम्रो देशमा।देशको चिन्ता लिनु पर्ने सरकार आफ्नो सत्ता जोगाउने चिन्तामा छ।

विश्वभरिका देशहरु कोरोना संक्रमणविरुद्धको संघर्षलाई प्राथमिकतामा राखेका छन्। नागरिकको ज्यान जोगाउन कोरोनाबिरुद्धको खोप लगाउन अभियान विश्रुवभरिका देशले चलाएका छन्। नेपालमा पनि १४ माघमा कोरोनाबिरुद्धको खोप अभियान सुरु गरिएको थियो। प्रधानमन्त्री ओलीले तीन महिनाभित्र सम्पुर्ण देशवासीलाई निशुल्क खोप उपलब्ध गराइ सक्ने वाचा गरेका थिए। तर, सरकारले वाचा पुरा गर्न सकेका छैनन्।रोकिएको खोप अभियान पुनः कहिलेदेखिसुरु हुने हो कुनै टुंगो छैन्। खोपले कोरोना संक्रमणलाई पुर्णरुपमा रोक्न सफल नभएपनि संक्रमणबाट मृत्यु हुने सम्भवनालाई न्युन भन्दा न्युन राख्नर सफल छ। सरकार खोप उपलब्ध गराउन सफल भएको भए सायद नेपालमा कोरोना कहरको दोस्रो लहर भयावह हुने थिएन।

कमिसन खाने खेलका कारण सरकारले सेरमसँग खरिद गर्ने भनिएको खोप खरिद गर्न नसकेको सामाचार बाहिरिएको छ। सामाचार अनुसार ५० लाख डोज खोप ल्याउन ३२ करोड ४३ लाख रुपैया कमिसन खाने खेल थियो। बिचौलिया र कमिसनखोरलाई साइड लगाएर खोप ल्याउने निर्णय सरकारले गर्न सकेन।बिचौलियाकै दबाबमा महिना दिन सम्म खोप खरिद प्रकिया अगाडी बढन सकेन। यसबिचमा भारतमा कोरोना संक्रमणमा बृद्धी भयो। भारतले खोप निर्यातमा रोक लगायो। कमिसनकै कारण खोप ल्याउन नदिन बिचौलियाहरू सफल भएको मन्त्रालयको बुझाइ छ । खोप खरिद गर्दा १० प्रतिशत कमिसन मागेको मन्त्रालयको दाबी छ । सरकारले अग्रिम भुक्तानी गरिसकेको १० लाख डोज खोप सिरमले उपलब्ध गराउनै बाँकी छ। सिरमले खोप उपलब्ध नगराएकै कारण खोप लगाउने दिन पटक-पटक सारिएको छरु। पहिलो डोज लगाएको १२ साताभित्रै दोस्रो डोज लगाउनु पार्ने हुन्छरु। तर, भारतबाट कहिले सम्ममा खोप प्राप्त हुनेमा नेपाल सरकार नै बेखबर रहेको छ।

अग्रिम भुक्तानी गरिसकेको १० लाख डोज र खरिद गर्ने भनिएको ५० लाख डोज खोप ल्याउन नसकेकै कारण ३० लाख नागरिक खोप लगाउने असाधारण अवसरबाट बन्चित हनु परेको छ। खोप लगाउन पाएका भए संक्रमणबाट मृत्यु शय्यामा पुग्न बाध्य भएका कयौ नागरिकले ज्यान गुमाउनबाट जोगिन्थयो। महामारिले अहिलेको जस्तो भयावहको रुप नलिन पनि सक्थ्यो। स्वास्थ्य क्षेत्रमा देखिएको अहिलेको जस्तो अभाव र समस्या मुलुकले फेल्नु पर्ने अवस्था नआउन सक्थ्यो। चाहे जे कारणले होस् र जसको कारणले होस खोप ल्याउनमा ढीलाई भएको कारण र ढीलाई गर्ने कारकको खोजी हुनै पर्छ। सरकारका सम्बन्धित निकायहरुले खोप प्रकरणमा ठोस र सत्य तथ्य अनुसन्धान गर्न कुनै कसर बाँकी राख्नुक हुदैन।सरकारले यस विषयलाई ढाकछोप गर्ने कुनै काम गर्नु हुदैन। नागरिकको जिवनसँग प्रत्यक्ष सम्बन्ध राख्नेर विषयमा पनि कमिसन खान खोज्ने र कमिसन नपाएका कारण प्रक्रिया नै अबरुद्ध गर्नेहरु जोकोही भएपनि कानुनि सजाय पाउनै पर्छ ।यसखालका गम्भिर विषयमा पनि खेलवाड गर्नेहरुले कुनै वहानामाउन्मुक्ती पाउनु हुदैन। गत बर्ष कोरोना भाईरस परिक्षण किटलगायतका स्वास्थ्य सामाग्री खरिदमा पनि अनियमितता भएको खबर आएको थियो। यो प्रकरण पछि त्यतिकै सेलाएर गयो। अनियमितता , कमिसन र भ्रष्टोाचारका विषयहरु उठेपनि आम नागरिकले सत्य तथ्य थाह पाउने गरि सत्य तथ्य बाहिरिने गरेको छैन। यसपालि पनि सत्य तथ्य बाहिरिनेमा शंका रहेपनि आशा गरौं सरकारले दोषीलाइ कारवाही गर्ने नै छ।

नागरिकको आशा भरोसाको केन्द्र सरकार नै हो। तर, अहिले बाहिरिएको खोप खरिद प्रकरणमा सरकार नै निरिह भएको देखिएको छ। यदि सतहमा आएका कारणले मात्र खोप खरिद नभएको हो भने सरकार निरिह रहेकोमा कुनै शंका रहेन। लोकतन्त्रमा शक्तिको केन्द्र सरकार प्रमुख रहेको हुन्छ।मुलुकको सम्पूर्ण कार्यकारी अधिकार सरकार प्रमुख अर्थात प्रधानमन्त्रीमा निहित रहेको हुन्छ।यस्तो कार्यकारी अधिकार भएको प्रधानमन्त्रीले कमिसनखोर बिचौलियालाई किन साइजमा ल्याउन सकेन? यस बारेमा स्वास्थ्यमन्त्रीले प्रधानमन्त्रीलाई समयमा जानकारी गराए कि गराएन? समयमा जानकारी गराए भने प्रधानमन्त्रीले किन एक्सन लिएन? यदि समयमा प्रधानमन्त्रीलाई जानकारी गराइएन भने प्रधानमन्त्रीसँग किन सुचना लुकाइयो? यी र यस्ता कयौ प्रश्ननको उत्तर नेपाली नागरिकले पाउनै पर्छ।अर्कै कारणले खोप खरिद हुन नसकेको हो भने यो प्रकरण कसरी बाहिरयो। सम्बन्धित सरकारी निकायले आम नागरिकलाई प्रष्टन पार्नु पर्छ। सम्बन्धित निकायको यो कर्तब्य हो, भने आम नेपाली नागरिकको अधिकार पनि हो ।

देश संकटमा रहेको बेला राजनीतिक दलहरुबिच सौहार्दपुर्ण र एकताको बताबरण हुनु पर्थ्यो। तर, दलहरुबिच सम्फदारी बन्नीको साट्टा विवाद नै बढने क्रममा रहेको छ। सत्तासिन दलको एकता भंग भएको छ। छुट्टीएर सत्तामा रहेको एमाले नामको लागि मात्र एउटै दल हो ।जुनसुकै बेला दुई दलको औपचारिकता लिन सक्ने सम्भवना प्रवल छ। सत्तासिनदला हुने विवादले सरकार कमजोर हुनेमा शंका छैन। कमजोर सरकारलाई कमिसनखोर र कालोबजरियाले सजिलै प्रभावमा पार्न सक्ने सम्भवना उतिकै रहन्छ। यसमा पनि सरकार र सरकारका निकायहरु सचेत र सजग रहन जरुरी छ।

अक्सिजन र रेमडिसिभिरको अभाव भएको सामाचारहरु आएको छ। सँगै कालोबजारीयाहरुले लुकाएर राखेको र महँगोमा बेचेको सामाचार पनि आएको छ। तस्करि भएको सामाचार समेत सुनिएको छ। यी र यस्ता मानवता बिरोधी कार्य गर्नु अपराध हो। त्यो पनि देशमा संकट परेको बेला कसैले लुकाएर राखेको स्वास्थ्य सामाग्रीको अभावमा कसैको ज्यान जाने भएकोले यो ज्यानमारा अपराध हो। तसर्थ हामी कसैलेपनि कुनै सामान लुकाई छिपाई कालोबजारी गर्ने र कमिसन खाने काम गर्नु हुदैन र नगरौं पनि। कसैले पनि आवश्यमकता भन्दा बढी सामाग्री भण्डारण गर्ने र कृतिम अभाव सृजना भई सरकारको दोष देखिने काम पनि गर्नु हुदैन र त्यसो नगरौं पनि। सम्पुर्ण नागरिक, राजनीतिक दलहरु, व्यापारी व्यवसायी र सरकारको सहकार्य र सहयोगमै कोरोना संकटलाई प्रास्त गरौं।

भारतबाट खोप अयात गर्ने असाधारण अवसर गुमाएको सरकारले स्विकृति प्राप्त अन्य सहयोगको खोप र खरिद गरि खोप ल्याउन ढीलाई गर्नु हुदैन। मुलुकलाई कम भन्दा कम क्षति पुगेकै अवस्थामा कोरोणा संक्रमण माथि विजय प्राप्तर गर्न सक्दो छिट्टै आम नागरिकलाई खोप उपलब्ध गराई आफ्नो वाचा पुरा गर्नु वाहेकको विकल्प सरकारसँग छैन। सरकारले अहिले खोप ल्याउनमा ध्यषन केन्द्रीत गर्नुको साथै अक्सिजनको , रेमडिसिभिर लगायतका स्वास्थ्य सामग्रीहरु र अन्य अत्यावश्यनक वस्तुको आपुर्तिलाई व्यवस्थि गर्ने र यसका वितरणलाई व्यवस्थित गरि कमिसन र कालोबजारी हुन दिनु हुदैन। आर्थिक रुपमा कमजोर भैसकेका आम नेपाली नागरिकलाई कालोबजारी र कमिसनको मारमा पर्न दिनु हुदैन। नेपाली नागरिकले संकट सँगै कमिसन र कालोबजारीको मार सहन सक्ने सामर्थ्य राख्दैन्। केही सिमित वर्गले यस्तो सामर्थ्य राखे पनि अधिकांश नागरिक भोक टार्नैका लागि चिन्ता लिनु पर्ने र कमाई रोकिनसाथ पेट भर्ने समस्या हुने वर्गका छन्। महँगीले ढाड सेकिसकेका नागरिकलाई थप बोफ पर्न नदिनुमा सरकार सजग हुनै पर्छ ।

lkskeshariaaryan@gmail.com


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### निषेधाज्ञा अवधिभर खानाको व्यवस्था

जनकपुरधाम । कोरोनाका कारण निषेधाज्ञा लागेपछि जनकपुरधाममा मागेर खानेहरूका लागि खाना खुवाउने अभियान सञ्चालन गरिएको छ । धनुषाको जनकपुरधाम उपमहानगरपालिका-७ स्थित जमिरिया देवी धर्मशालामा बसोबास गर्दै आएकाहरूका लागि वडाध्यक्ष जानकीराम साहले खाना खुवाउने अभियान सञ्चालन गरेका छन् । निषेधाज्ञाको कारण दैनिक ज्यालादारी तथा मागेर खानेहरूलाई समस्या भएको सामाचार सञ्चारमाध्यममा आएपछि वडाध्यक्ष साहले निषेधाज्ञा अवधिभरका लागि उनीहरूलाई खानाको व्यवस्था गरेको बताए । जमिरिया देवी धर्मशालामा बसोबास गर्दै आएका कुष्ठ रोगी, मजदुर तथा सडकमा मागेर बस्नेलाई राहतस्वरुप दुई छाक भोजनको व्यवस्था गरेको र तथा आफ्नो वडामा कसैलाई भोकै सुत्न नदिने वडाध्यक्ष साहले बताए । जमिरिया देवी धर्मशालामा करिब ४० जना बस्दै आएका छन् ।

### ट्रकको ठक्करबाट दुईको मृत्यु

बाँके । राप्तिसोनारी गाउँपालिका-९ फिफरी खोलास्थित सडकमा ना.६ ख ४९०९ नम्बरको ट्रकले से.३ प ३२१४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ । आइतबार दिउँसो मृत्यु हुनेहरुमा सोही गाउँपालिका-८ बस्ने २८ वर्षीय किरण जेबि चौधरी र सोही ठाउँ बस्ने १९ वर्षीय कृष्ण प्रसाद थारु रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरुको भेरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### नदीमा लडेर एकको मृत्यु

कैलाली । कैलारी गाउँपालिका-६ बस्ने ६० वर्षीय डम्बर प्रशाद चौधरीको सोही ठाउँस्थित भुरा नदीमा लडेर आइतबार मृत्यु भएको छ । साथीहरूसँग माछा मार्न जाने क्रममा लडेर गम्भीर घाइते भएका उनको स्थानीय मेडिकल हुँदै निषर्ग अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

### रौतहटमा १० संक्रमितको मृत्यु

रौतहट । रौतहटमा दश संक्रमितको मृत्यु भएको छ । कोरोना संक्रमितको एकै दिनमा मृत्यु भएको यो सबैभन्दा बढी हो । पछिल्लो २४ घन्टामा गौर ४ टिकुलियाका ७० वर्षीय जयराम गिरी, बौधीमाई ४ की ४० वर्षीया हास्मा तारा, फतुवा विजयपुर ३ का ५० वर्षीय असर्फी बैठा, गढीमाई ५ का ४८ वर्षीय फेकन ठाकुर, चन्द्रपुर ८ का ४० वर्षीय धर्मराज राम, फतुवा विजयपुर ८ का ४० वर्षीय अबध बिहारी राउत, गौर १ का ५४ वर्षीय इजाजुल मिया, माधव नारायण १ का ५६ वर्षीय नन्दलालप्रसाद साह, गरुडा ५ महम्मदपुरका ५३ वर्षीय मोतिलाल साह कलवार र बौद्धिमाई ७ की ३५ वर्षीया विध्यवति देवी रहेको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ ।

### सिरहामा जेठ २१ गतेसम्म निषेधाज्ञा थप

सिरहा । सिरहामा आगामी जेठ २१ गतेसम्मका लागि निषेधाज्ञा जारी गरिएको छ । जिल्ला संकट व्यवस्थापन केन्द्रको शनिबारको निर्णयले शनिबार राति १२ बजेदेखि लागू हुने गरी जेठ २१ गतेसम्मका लागि निषेधाज्ञा जारी गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले जानकारी दिए । 'निषेधाज्ञाकाबीच संक्रमण नफैलिओस् भन्ने अपेक्षा छ,' कँणेलले भने, 'विज्ञले नागरिकले सतर्कता अपनाए कोरोना न्यूनीकरण हुने भनेका छन् । त्यसैले निषेधाज्ञाको पालना हुन्छ भन्ने विश्वास छ । अटेर गरेमा अझै कडाइ गर्दै लग्नेछौं ।' सिरहासहित प्रदेश २ का आठै जिल्लामा निषेधाज्ञा जारी भएको छ । नयाँ भेरियन्टसहितको कोरोना संक्रमण बढ्दै गएकाले सप्तरी र बाराले अर्को सूचना जारी नभएसम्मका लागि निषेधाज्ञा लगाउने आदेश जारी गरेका छन् ।

### प्रादेशिक अस्पतालविरुद्ध प्रदर्शन

जनकपुरधाम । कोरोना महामारीको समय उपचारमा लापरवाही बढेको भन्दै नेपाल विद्यार्थी संघले प्रादेशिक अस्पताल जनकपुरधाम अगाडि प्रदर्शन गरेको छ । उपचार अभावमा कोरोना संक्रमितहरुको मृत्यु भएको अत्याधिक आरोप लाग्न थालेपछि नेविसंघका युवाहरुले प्रादेशिक अस्पताल जनकपुरधाम अगाडि प्रदर्शन गरेका हुन् । प्रादेशिक अस्पताल प्रशासन, मेडिकल सुपरिटेन्डेन्ट, प्रदेश २ का सामाजिक विकासमन्त्रीविरुद्ध नारावादी गर्दै युवाहरुले प्रदर्शन गरेका छन् । नेविसंघका युवाहरुले 'निःशुल्क कोरोनाको उपचार गर, अक्सिजनको ग्यारेन्टी गर, मुख्यमन्त्री राजीनामा दे, सामाजिक विकास मन्त्री राजीनामा दे, मेसु राजिनामा दे' लगायतका प्ले कार्ड बोकेर प्रदर्शन गरेका थिए ।

### कोरोना संक्रमणबाट चिकित्सकको मृत्यु

सिरहा । सिरहामा कोरोना संक्रमणबाट एकजना चिकित्सकको मृत्यु भएको छ । लहान नगरपालिका वडा-६ घर भएका अर्थोपेडिक विशेषज्ञ डा. मुकेश चौधरीको कोरोना संक्रमणका कारण मृत्यु भएको हो । डा. चौधरी कोरोना संक्रमित भइ ९ दिनदेखि होम आइसोलेसनमा बस्दै आएका थिए । सोमबार साँझ उपचारका लागि विराटनगरस्थित विराट नर्सिङ लगेको केही बेरमै उनको मृत्यु भएको थियो । ३५ वर्षीय डा. चौधरी लहानमा डाइनोष्टिक सेन्टर सञ्चालन गर्दै आएका थिए । उनी सोही सेन्टरमा सेवा दिने क्रममा संक्रमित भएका थिए ।

### रौतहटमा थप ५ संक्रमितको मृत्यु

रौतहट । रौतहटमा पछिल्लो २४ घण्टामा २५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्ला अस्पताल गौरको पीसीआर ल्याबमा २०२ जनाको नमुना परीक्षण गर्दा २५ जनामा संक्रमण देखिएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ । यस्तै थप ११ जना कोरोना संक्रमणमुक्त भएका छन् । अन्य दिनको तुलनामा बुधबार कोरोना संक्रमण दरमा कमी आएको तथ्यांकले देखाएको छ । यस्तै पछिल्लो २४ घण्टामा ५ जना संक्रमितको मृत्यु भएको छ । कोभिड अस्थायी अस्पताल गौरमा ३ जना र नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा २ जनाको मृत्यु भएको हो । योसँगै रौतहटमा कोरोनाको दोस्रो लहरका कारण मृत्यु हुनेको संख्या ६१ पुगेको छ । कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या बढ्दै गएपनि गौर अस्पतालमा आईसीयू, एचडीयू र भेन्टिलेटर सञ्चालनमा आउन सकेको छैन ।

### बाँकेमा साताव्यापी रक्तदान अभियान

नेपालगञ्ज । अनलाइन पत्रकार संघ, बाँकेले साताव्यापी रक्तदान कार्यक्रम सुरु गरेको छ । ोरोना संक्रमित बिरामीलाई लक्षित गरी संघले साताव्यापी रक्तदान कार्यक्रम सुरु गरेको हो । कोरोना संक्रमण बढेसँगै बाँकेमा रगत अभाव भएको खबर बाहिरिएपछि साताव्यापी रक्तदान कार्यक्रम बुधबारबाट सुरु गरेको संघका अध्यक्ष कमल न्यौपानेले जानकारी दिए । उनले संकलित रगत कोरोना संक्रमित बिरामीलाई दिइने बताउँदै आवश्यक परे अन्य बिरामीलाई समेत दिन सकिने बताए । रगत अभावमा बिरामीले अकालमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तदान कार्यक्रम गरिएको उनले बताए । उनले रक्तदान जस्तो पुण्य कार्यमा सहभागी हुन अपिलसमेत गरेका छन् ।

### हत्यामा संलग्न ४ जना पक्राउ

मोरङ । रंगेली नगरपालिका-३ बस्ने २४ वर्षीया अनिता यादवको हत्यामा संलग्न रहेको अभियोगमा उनकै श्रीमान् २४ वर्षीय बेचन यादव समेत ४ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । सोही नगरपालिकास्थित तिलुवा चोकको नहरमा धारिलो हतियारले घाँटी रेटी हत्या भएको अवस्थामा अनिताको शव फेला परेपश्चात ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले थप अनुसन्धान गर्ने क्रममा हत्यामा संलग्न उनीहरुलाई पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा परी चालकको मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-१२ जुगेडास्थित भित्री सडकमा से.२ प ८३०८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बुधबार बिहान दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने १६ वर्षीय आशिष नेपालीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ८ वर्षीय नरेश खत्रीको स्थानीय मेडिकलमा उपचार भईरहेको छ ।

### अवैध लागूऔषध सहित पक्राउ

कैलाली । गोदावरी नगरपालिका-४ बुढीतोलास्थित रोशन हाई-वे एण्ड खाजा घरबाट २ सय ८० मिलीग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने बस्तु सहित सोही खाजा घरका सञ्चालक २७ वर्षीय शंकर विष्टलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । विष्टले उक्त वस्तु बेचिरहेको अवस्थामा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनलाई उक्त वस्तु सहित फेला परी पक्राउ गरेको हो ।

### ट्र्याक्टर दुर्घटनामा एकको मृत्यु

रुपन्देही । लुम्बिनी सांस्कृतिक नगरपालिका-२ अर्धौलामा लु.४ त १७१८ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई शुक्रबार राति दुर्घटना हुँदा ट्र्याक्टरमा सवार सोही ठाउँ बस्ने सुक्कु लोहारको छोरा १२ वर्षीय कनैया लोहारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार ट्र्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

स्थानीय सम्वाद

# केन्द्र र प्रदेशको सहयोग बिना नै जनताको ज्यान जोगाउँदैछौं



## विजय कुमार सरावगी

### मेयर, वीरगन्ज महानगरपालिका, पर्सा

**० कोरोना महामारीको दोस्रो भेरियन्टबाट वीरगन्ज महानगर अति नै प्रभावित भइरहेको छ, दिनहुँ मृत्युको संख्या बढ्दै छ । यस्तो अवस्थामा महानगरले कसरी महामारीबाट लड्दैछ ?**

**– स्वास्थ्य क्षेत्रमा हामीलाई धेरै अधिकार दिइएको त छैन तैपनि वीरगन्ज महानगरपालिकाले दोस्रो लहर आउँछ कि भनेर सुरुदेखि नै नाकामा कडाइ गऱ्यौं । नाकामा कडाइ गरेर एन्टिजेन जाँच गर्ने, पोजिटिभ रिपोर्ट आएकाहरुलाई होल्डिङ्ग सेन्टरमा पठाउने, आइसोलेट गर्ने काम पहिलेदेखि नै गरिरहेका छौं र अहिले पनि जारी छ । जब पोजिटिभ केसहरु धेरै आउन थाले र हाम्रो अस्पतालले धान्न सकेन त्यसपछि घर-घरमा बाध्यकारीरुपमा** उपचार गराउनुपर्ने भयो । त्यसका लागि घर-घरमा औषधि र अक्सिजन सिलिण्डरको राम्रो ढंगले हामी व्यवस्थापन गऱ्यौं । अहिलेसम्म हाम्रो व्यवस्थापन चलिरहकै छ ।

० वीरगन्ज महानगर के-के गरिरहेको छ त ?

– अहिलेसम्म औषधि र अक्सिजन सिलिण्डर एक हजारभन्दा बढीलाई पुऱ्याइसकेका छौं । अति विपन्न तथा खाना खान नपाएकाहरुका लागि विभिन्न संघसंस्थाहरुले जुन अभियान चलाइरहेका छन्, त्यसलाई महानगरले रासनहरु उपलब्ध गराउन सुरु गरेको छ । अर्को कुरा जब अस्पतालमा धेरै बिरामीहरु थपिन थाले त्यसपछि हामी आफ्नै कोरोना अस्पताल र आइसोलेसन सेन्टर बनायौं । जसमा एक सय बेडको कोभिड अस्पताल र करिब १३० बेडको आइसोलेसन सेन्टर गरी २३० बेडको हामी आफ्नो व्यवस्थापनमा चलाइरहेका छौं । एउटा क्रिटिकल केयर सेन्टर पनि चलाइरहेका छौं जसको जिम्मा डा.निरज केयाललाई दिएका छौं । उहाँको नेतृत्वमा दुईटा एमडी मेडिसिन, करिब-करिब आठ जना एमबीबीएस डाक्टरहरु र २१ जना मेडिकलहरु टिम दिएर काम गर्दैछौं । त्यहाँ हामीले नि:शुल्क औषधि, खाना र उपचारको व्यवस्था छ ।

एकदमै क्रिटिकल औषधि छ भने संक्रमितका आफन्तलाई ल्याइदिन आग्रह गर्छौं । तर बाँकी सबै सेवाहरु महानगरपालिकाले नै दिँदैछ । यसका साथसाथै बजारमा सेनिटाइजरको व्यवस्थापन गर्नुपर्ने लगायतका कामहरु गरिरहेको अवस्था छ । पाँच जनाको टोली बनाएर घर-घरमा बसेका संक्रमितहरुसँग फोनमा सम्पर्क गरेर अवस्थाबारे जानकारी लिने काम गरिरहेका छौं । उनीहरुलाई चाहिने औषधि वडाअध्यक्षहरुमार्फत् पठाइदिने यी कामहरु अहिले पनि जारी छ । यस्ता विभिन्न कुराहरुमा हामी लागेका छौं ।

**० स्वास्थ्य सामग्रीहरुको व्यवस्थापन कसरी भइरहेको छ ?**

**– अहिले आएर महानगरपालिकाले नागरायणी अस्पताललाई तीन वटा भेन्टिलेटर प्रदान गर्न गइरहेको छ । हामी आफ्नै एन्टिजेन टेष्ट किटहरु मगाएका छौं । पीसीआर टेष्ट गराउँदा त्यसको रिपोर्ट आउन धेरै ढिलाइ भइरहेको छ, जसले गर्दा हामीले एन्टिजेनबाट पनि पोजिटिभ र निगेटिभ छुट्याएर काम गरिरहेका छौं ।**

**० कोरोना महामारीको पहिलो लहर नेपालमा आउँदा पनि वीरगन्ज महानगर अति प्रभावित रहयो, यो एक वर्षसम्म कोरोना रोकथाम तथा नियन्त्रणका लागि महानगरले पूर्वतयारीहरु किन गरेन ?**

**– यस्तो महामारीका बेला महानगरले खासै तयारी गर्नुपर्ने देखिँदैन । संघीय सरकार र प्रादेशिक सरकारले सबै कामहरु हेर्नुपर्ने हो । संवैधानिक व्यवस्था पनि हेर्ने हो भने वैश्विक महामारीहरुलाई केन्द्र सरकारकै जिम्मेवारी छ । केन्द्र सरकारले आफै गरोस् वा प्रदेश सरकारमार्फत् गरोस् । हामी पालिकाहरुले कार्यान्वयनमा** मद्दत गरिदिने काम हो । त्यो काम हामीले राम्ररी गरिरहेका छौं ।

**० कोरोना महामारी रोकथाममा पालिकाहरुबाट चुक भएको छैन ?**

**– म त के भन्छु भने त्योभन्दा पनि अगाडि बढेर पालिकाहरुले काम गरिरहेका छन् । जबकि हामीलाई खासै केन्द्र र प्रदेश सरकारबाट सिधै कुनै सहयोग त्यस्तो छैन । हामीले चलाइरहेको अस्पतालमा पनि केन्द्र र प्रदेश सरकारको सहयोग छैन । हामीले गरिरहेका कुनै पनि काममा कहींकतैबाट कुनै सहयोग छैन । महानगरपालिकाले आफ्नो क्षमताभन्दा बढी काम गरेको छ । यो कुरा सबैले बुझेका छन् । गत वर्ष पनि गरेको थियो र यस वर्ष पनि गरिरहेको छ । यो भन्दा बढी अपेक्षा गर्नुहुन्छ भने केन्द्र र प्रदेश सरकारको मातहतमा रहेका अधिकारहरु हामीलाई दिनुपऱ्यो । स्थानीय तहको सरकारलाई न त केन्द्र सरकारले वास्ता गर्छ न त प्रदेश सरकारले । सुरुदेखि नै हामी जुन ढंगले काम गर्दागर्दै पनि प्रदेश र केन्द्र सरकारबाट त्यो किसिमको सहयोग पाएका छैनौं । तैपनि हामी आफ्ना जनताका लागि हरेक काम गरिरहेका छौं । हामी विकास पछि गरौंला तर पहिला जनताको ज्यान जोगाउन लागेका छौं ।**

**० भनेपछि, यस्तो महामारीका बेला पनि तीनै तहको सरकारबीच समन्वय र सहकार्य छैन ?**

**– संघीयता यो देशमा लागू भयो । संविधानमै उल्लेख छ कि तीनै तहको सरकारले समन्वय र सहकार्यको आधारमा काम गर्ने । तर पालिकाको अस्तित्व नै प्रदेश र केन्द्रीय सरकारले स्वीकारेको छैन । प्रदेशले आरोप लगाउँछ कि केन्द्रले हामीलाई स्वीकारेकै छैन । अहिले पनि केन्द्रमुखी नीतिअन्तर्गत नै कामहरु भइरहेको छ । केन्द्र वा प्रदेशले पालिकास्तरमा कुनै काम नै गरेको देखिँदैन । आगामी दिनमा प्रदेश र केन्द्रसँग सहकार्य र समन्वय हुनेछ भन्ने विश्वास लिएका छौं । किनभने विस्तारै संवैधानिक व्यवस्थाहरु संस्थागत हुँदै जान्छ भन्ने विश्वास छ । लामो समयदेखि केन्द्रमा सत्ताकै खेल चलिरहेको छ । यो महामारीका बेलामा पनि राजनीतिक स्थिरता हुँदैन भने जनताहरु यसरी नै प्रताडित भइरहन्छन् ।**

# जनकपुरधाममा अक्सिजन उद्योग सञ्चालन गरिने

जनकपुरधाम । धनुषामा अक्सिजन अभाव भइरहेका बेला थप एक उद्योग सञ्चालन गरिने भएको छ । कोरोनाको दोस्रो लहर तीव्र रूपमा धनुषामा फैलिरहेका बेला एउटा उद्योगबाट मात्रै उत्पादित अक्सिजनले धान्न नसकेको अवस्था छ । अक्सिजन अभावमा कोरोना संक्रमितको मृत्यु हुन थालेको तथा अस्पतालले बिरामीलाई घर पठाउन थालेको बेला जनकपुरधाममा थप एक अक्सिजन उत्पादन गर्ने उद्योग सञ्चालनमा ल्याइने भएको हो । जनकपुरधाम उपमहानगरपालिका-२३ विन्दहीस्थित बेलामा रहेको श्रीराम जानकी ग्यास उद्योगले २ साताभित्रै अक्सिजन उत्पादन गर्ने जनाएको छ । अक्सिजन उत्पादनका लागि सो उद्योगमा अहिले मेसिन जडान गर्ने कार्य भइरहेको उद्योग सञ्चालक विजयकुमार साहले बताए । उनले मेसिन जडान गर्ने कार्य ७५ प्रतिशत पूरा भइसकेको तथा पाइपलाइन जडान गर्ने कार्य सम्पन्न भएलगत्तै अक्सिजन उत्पादन गरिने जानकारी दिए । साहले पछिल्लो वर्ष अप्रिल महिनामा अक्सिजन उत्पादन गर्ने मेसिन ल्याउने योजना भएपनि कोरोना महामारीकै कारण ल्याउन नसकिएको बताए ।

# भारतमा संक्रमण घट्दै

काठमाडौं । दोस्रो लहरको संक्रमणको 'हटस्पट' बनेको भारतमा संक्रमितको दैनिक वृद्धि घट्दो क्रममा छ । एक साताअघिसम्म लगातार ४ लाख संक्रमित हुँदै आएकोमा पछिल्लो २४ घण्टामा त्यहाँ २ लाख ८१ हजार ८६० जनामा संक्रमण पुष्टि भएको छ । संक्रमितको यो संख्या आइतबारको तुलनामा करिव ३० हजार कम हो । आइतबार ३ लाख १० हजार ८२२ जनामा संक्रमण भएको थियो ।

यसअघि भारतमा पहिलो पटक १८ वैशाखमा कोरोना संक्रमितको दैनिक वृद्धि ४ लाख नाघेको थियो । संक्रमितको संख्या २४ वैशाखमा भारतमा सबैभन्दा उच्च विन्दुमा ४ लाख १४ हजार ४३३ पुगेको थियो । पछिल्लो वृद्धिसँगै भारतमा संक्रमितको संख्या २ करोड ४९ लाख ६४ हजार ९२५ पुगेको छ । भारतमा सक्रिय संक्रमितको संख्या ३५ लाख २२ हजार ९०५ छ । निको हुनेको संख्या पनि त्यहाँ दैनिक बढ्दै गएको छ । पछिल्लो २४ घण्टामा मात्रै ३ लाख ७८ हजार ५७१ जना निको भएका छन् । योसँगै भारतमा २ करोड ११ लाख ६७ हजार ६०९ जना संक्रमणमुक्त भएका छन् ।

संक्रमितको संख्या घट्दै गए पनि मृत्यु हुनेको संख्या भने घट्न सकेको छैन । केही दिन यता भारतमा दैनिक ४ हजार हाराहारीको मृत्यु भइरहेको छ । पछिल्लो २४ घण्टामा त्यहाँ एकैदिन ४ हजार ९२ संक्रमितको मृत्यु भएको छ । पछिल्लो विवरणसँगै भारतमा मृतक संख्या २ लाख ७४ हजार ४११ पुगेको छ ।

# अक्सीजन प्लान्ट र कोभिड अस्पतालको स्थलगत अनुगमन

जनकपुरधाम । पछिल्लोमा समयमा बढदै गएको कोरोना संक्रमण विरुद्ध प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत एक्सनमा उत्रिनु भएको छ । बढदो अक्सिजनको मांग र संक्रमतिको चापलाई हेर्दै मुख्यमन्त्री राउतले आज धनुषा स्थित अक्सिजन प्लान्ट र कोभिड अस्पतालहरुको स्थलगत अनुगमन गर्नु भएको छ । आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्रकुमार यादव, प्रमुख सचिव गोकर्णमणि दुवाडी, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, नेपाल प्रहरीका डिआइजी धिरज प्रताप सिंह र धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला सहितको टोली लिएर मुख्यमन्त्री राउतले स्थलगत निरीक्षण अनुगमन गर्नु भएको हो ।

ढल्केवर स्थित ढल्केवर ग्यास उद्योग (अक्सीजन प्लान्ट) निरीक्षणको क्रममा मुख्यमन्त्री राउतले उद्योगका संचालकलाई अक्सीजनको वितरण एकद्वारा प्रणाली मार्फत मात्र गर्न निर्देशन दिनु भएको छ । धनुषामा अक्सीजनको वितरणमा आजैबाट एकद्वार प्रणाली लागु गरिएको छ । त्यसैगरि मुख्यमन्त्री राउत सहितको टोलीले जनकपुरधामको बेलामा निर्माणाधिन अक्सीजन प्लान्टको समेत अवलोकन गर्नु भएको छ । सो क्रममा मुख्यमन्त्री राउतले अविलम्ब प्लान्ट संचालन गरि संक्रमितहरुको ज्यानको रक्षा गर्न उद्योगका संचालकलाई आग्रह समेत गर्नु भएको छ । मुख्यमन्त्री राउतको आग्रह उद्योगका संचालकले शनिवार सम्म जसरी भएपनि प्लान्ट संचालनमा ल्याउने प्रतिवद्धता व्यक्त गर्नु भएको हो । बेलामा निर्माणधिन उद्योग २४ घण्टामा ६सय सिलिण्डिर रिफिल गर्न सक्ने क्षमताको रहेको छ ।

त्यस्तै मुख्यमन्त्री राउत सहितको टोलीले जानकी मेडिकल कलेजद्वारा संचालित कोभिड स्पतालको समेत निरीक्षण गरेको छ । जानकी मेडिकल कलेज रमदैया पुगेको टोलीले अस्पताल व्यवस्थापक संग अस्पतालमा रहेका संक्रमितहरुको अवस्था र उपचारमा भै रहेको समस्या बारे जानकारी लिएका छन । सो क्रममा जानकी मेडिकल कलेजका व्यवस्थापन पक्षले अक्सीजनको कोटा बढाई दिन मांग गरेका थिए भने टोलीले आजै बाट अक्सीजनको कोटा बढाइ दिने र शनिवार बाट चाहे जति अक्सीजन उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन । हाल ६० बेड कोरोना संक्रमितको लागी संचालन गरि रहेको जानकी मेडिकल कलेजलाई मुख्यमन्त्री राउतले बेड बढाउन आग्रह समेत गरेका छन ।

यता प्रदेश सरकारले मनिपालको खाली भवनमा निर्माण गरि रहेको अस्थायी कोभिड अस्पतालको समेत मुख्यमन्त्री राउत सहितको टोलीले निरीक्षण गर्नु भएको छ । युद्ध स्तरमा निर्माणधिन उक्त अस्पतालको काम समयमै सक्न उहाँले निर्देशन समेत दिनु भएको छ । निरीक्षणको क्रममा मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालयका सिनियर डिभिजनल इन्जिनियर भगवान झाले जेठ १५ अगाबै अस्पताल प्रदेश सरकारलाई हस्तान्तरण गरिने प्रतिबद्धता समेत जनाउनु भएको छ ।

# बर्दिबास अस्पताललाई ५० थान अक्सिजन सिलिन्डर सहयोग

बर्दिबास । उद्योगी उमेश साहले महोत्तरीको बर्दिबास अस्पताललाई ५० थान अक्सिजन सिलिन्डर सहयोग गरेका छन् । बर्दिबास कोरोना महामारीको हटस्पोट बन्दै गएपछि संक्रमितहरुको उपचारका लागि उनले बर्दिबास नगरपालिकाका मेयर बिदुरकुमार कार्कीलाई अस्पताल पुगेर अक्सिजन सिलिन्डर हस्तान्तरण गरेका हुन् ।

संक्रमितहरुका उपचारका लागि अक्सिजन अत्यावश्यक भएको भन्दै आफूले अस्पताललाई अक्सिजन सिलिन्डर सहयोग गरेको उद्योगी साहले बताए । अक्सिजनको अभावमा हस्पिटलको बेडमा कोरोना संक्रमितहरु छटपटाएर ज्यान गुमाएको खवरले आफू दुखी बनेको उनको भनाइ छ । डाक्टर सुनिल दाहालका अनुसार बिरामीहरुलाई अक्सिजनको आवश्यकता अझै छ । अक्सिजन सहयोग गर्ने उद्योगी साहलाई बर्दिबास नगरपालिकाले सम्मान सहित उनको कामको प्रशंसा गरेको छ । महोत्तरीमा कोरोना रोकथामका लागि जेठ १० गतेसम्म निषेधाज्ञा थपिएको छ ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतमा कोरोनाविरुद्धको खोप आयात गर्न अनुमति

काठमाडौँ भारतको औषधि नियामक संस्था सेन्ट्रल ड्रग स्ट्यान्डर्ड कन्ट्रोल अर्गनाइजेसन (सीडीएससीओ)ले भारतमा कोरोनाविरुद्धको खोप आयात गर्न लाग्ने प्रक्रियालाई सहज बनाइदिएको छ। औषधि नियामक सीडीएससीओले कोरोनाविरुद्धको खोप आयात गर्न निजी तथा राज्य सरकारलाई अनुमति दिनुका साथै आयात निर्देशिका जारी गरेको छ।

आयातकर्ता तथा उत्पादकले कारोनाविरुद्धको खोप आयात गर्न सीडीएससीओले तीनवटा अवस्थाहरु प्रदान गरेको छ। विश्वमा कोरोनाविरुद्धको धेरै खोपहरु विकास भएपनि भारतमा आपतकालीन प्रयोगमा अनुमति नपाएका खोपहरु आयात गर्न नपाइने जनाइएको छ।

नयाँ औषधि र परीक्षण नियम २०१९, औषधि आयात दर्ता नियम १९४५ र औषधि आयात अनुमतिपत्रसम्बन्धी नियम १९४५ को पूर्ण पालना गरेर कोरोनाविरुद्धको खोप आयातका लागि निजी क्षेत्रलाई खुला गरेको हो।

आयातकर्ताहरुले सीडीएससीओले जारी गरेको मापदण्ड अन्तर्गत आयात गरिएका कोरोनाविरुद्धका खोपहरुलाई भारत सरकारले आधिकारिक च्यानलभन्दा बाहिर पनि वितरण गर्न सकिनेसमेत जनाइएको छ। भारतमा कोरोना महामारीको दोस्रो लहर शुरु भएसँगै मे १ मा कोरोनाविरुद्धको खोपको मूल्यमा समानता र देशव्यापी खोप अभियानको रणनीतिमा परिवर्तन गरिएको थियो।

भारतमा हाल स्वदेशमै उत्पादन गरिएका अक्सफोर्ड एस्ट्राजेनेकाले विकास गरेको कोभिशिल्ड खोप र भारत बायेटेकले विकास गरेको कोभ्याक्सिन प्रयोग भइरहेका छन्। केही साता अघि भारत सरकारले कोरोनाविरुद्धको विश्वको पहिलो खोप स्पुतनिक भीलाई पनि आपतकालीन प्रयोगका लागि अनुमति दिएको छ। विषयविज्ञ समितिले रुसी खोपको अध्ययन गरिसकेपछि खोपलाई आपतकालीन प्रयोगको अनुमति दिइएको हो।

भारतले रुसबाट प्राम्भिक चरणमा डेढ लाख खोप आयात गरेको छ। यस खोपलाई अबको केही दिनमा लगाउन शुरु गरिने जनाइएको छ। भारतले यसअघि सिरम इन्स्टिच्युटले उत्पादन गरेको कोशिशिल्ड खोप नेपालसहित दक्षिण एसिया र विश्वका अन्य मुलुकहरुमा अनुदानमा उपलब्ध गराएको थियो। भारतले नेपाललाई १० लाख डोज खोप अनुदान सहयोग गरेको हो।

# अक्टोबरअघि भारतले खोप निर्यात नगर्ने

काठमाडौं। भारतले आगामी अक्टोबरसम्म कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप निर्यातमा लगाइएको प्रतिबन्ध कायम रहन सक्ने सम्भावना देखिएको छ।

अन्तर्राष्ट्रिय समाचार एजेन्सी रोयटर्सले सरकारी स्रोतलाई उल्लेख गर्दै यसअघि अपेक्षा गरिएभन्दा लामो समयसम्म भारतले खोप निर्यातमा प्रतिबन्ध लगाउने तयारी भएको बताएको छ। यसले विश्वका सबै मुलुकमा खोपको पहुँच समानरुपमा पुऱ्याउने उद्देश्यका साथ ल्याइएको कोभ्याक्स कार्यक्रमबाट हुने आपूर्तिमा थप असर पर्न सक्ने देखिएको छ भने भारतीय खोपको आशा गरिरहेका छिमेकी मुलुकहरु बंगलादेश, नेपाल र श्रीलंका जस्ता मुलुकले पनि खोप पाउने मिति धकेलिदै जाने भएको छ।

कोरोनाको संक्रमण मुलुकभर बढेसँगै भारतले एक महिनाअघि कोरोना खोप निर्यातमा रोक लगाएको थियो। त्यतिबेलासम्म भारतले अनुदान वा बिक्रीमार्फत् ६ करोड ६० लाख डोज खोप निर्यात गरेको थियो। विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले सोमबार भारत बाहिरका खोप उत्पादकहरुलाई आपूर्ति बढाउन आग्रह गरेको थियो।

भारतमा कोरोना संक्रमण कुन दिशातर्फ जान्छ भन्ने कुरामा खोप निर्यातमा फुकुवाको निर्णय निर्भर रहेको सरकारी स्रोतले बताएको छ। यो निर्णयको विषयमा भारतको विदेशमन्त्रालयले भने कुनै प्रतिक्रिया दिएको छैन।

हामीले सबै देशलाई औपचारिक रुपमा भनिरहनु पर्दैन' एक सरकारी अधिकारीले द इकोनोमिक टाइम्ससँग भने- हामीले आन्तरिक रुपमा छलफल गरिसकेको छौं र केही देशहरुलाई खोपको प्रतिक्षा नगर्नु भनेर भनिपनि सकेका छौं।'

अर्का एक अधिकारीका अनुसार भारत कति छिटो कोरोनाको दोस्रो वेभबाट मुक्ति पाउन सक्छ, त्यहीअनुसार कोरोना खोप निर्यातको मिति तय हुनसक्छ।

भारतको सबैभन्दा ठूलो कोरोना खोप उत्पादक सेरम इन्स्टिच्युटले अहिले कम्पनीको ध्यान खोप भारतमा नै आपूर्ति गर्नेतर्फ केन्द्रित रहेको बताएको छ। यसअघि कम्पनीले जुन महिनाबाट भारतले कोरोना खोप निर्यातमा लगाइएको प्रतिबन्ध हटाउने विश्वास लिएको थियो।

## भारतले कोभिसिल्डका दुई डोज बिचको 'ग्याप' बढायो

काठमाडौं। भारतले कोभिसिल्ड खोपका दुई डोजबीचको ग्याप अथवा समयावधि बढाएको छ। यसअघि पहिलो डोज लगाएको ६ देखि ८ हप्तामा दोस्रो डोज लगाउने प्रावधान रहेको थियो। डा. एन के अरोराको अध्यक्षतामा रहेको कोभिड वर्किंग ग्रुपले कोभिसिल्ड खोपका दुई डोजबीचको समयावधि १२ देखि १६ हप्ता पुगाएको हो।

वास्तविक प्रमाण खासगरी बेलायतबाट उपलब्ध भएको तथ्यांकका आधारमा भारतीय विज्ञहरुले १२ देखि १६ हप्ताको अन्तरमा दोस्रो डोज लगाउने नयाँ प्रावधान तयार पारेका हुन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पनि विज्ञहरुको यो प्रस्तावलाई स्वीकार गर्दै अब कोभिसिल्ड खोपको दोस्रो डोज १२ देखि १६ हप्ताको अन्तरमा दिने निर्णय गरेको छ।

भारतमा यसअघि ६देखि ८ हप्ताको फरकमा दोस्रो डोज दिने प्रावधान रहे पनि नेपालमा भने करिब १२ हप्ताको फरकमा दोस्रो डोज खोप लगाइएको छ।

## खोप उत्पादनका लागि स्वागत गर्ने

नयाँ दिल्ली। विश्वभर कोभिड-१९ को अभाब भइरहँदा कोभिड-१९ खोपको विकास गरेको भारतीय कम्पनीले कोरोना भाइरसविरूद्धको खोपको अभावलाई कम गर्न अन्य कम्पनीलाई खोप उत्पादनका लागि स्वागत गर्ने जनाएको छ।

कम्पनीले कोभ्याक्सिनको उत्पादनलाई बढाउन अन्य खोप निर्माण कम्पनीले खोप उत्पादन गर्न अनुमति पाउने तर खोप उत्पादन गर्दा 'बायोसेफ्टी लेभल-३' ल्याबमा उत्पादन गर्नुपर्ने शर्त राखेको छ।

नीति आयोगका सदस्य डा भीके रावलले भने, 'मानिसहरूले कोभ्याक्सिनलाई अन्य कम्पनीबाट उत्पादन गर्न दिनुपर्ने बताएका छन्।'

कोभ्याक्सिन खोपको निर्माण कम्पनी भारत बायोटेकले व्यवस्थित ल्याबले उत्पादनका लागि छलफल गर्न चाहेमा यसको हामी यसको स्वागत गर्दछौं। सबैलाई होइन सुरक्षा तहको प्रत्याभूत गर्नसक्ने कम्पनी तथा ल्याबलाई खोप उत्पादनमा सहकार्यका लागि बायोटेक स्वागत गर्दछ। विश्व स्वास्थ्य संगठनलगायतका अन्तराष्ट्रिय संघसंगठनमा कोभिड-१९ विरूद्धको खोप उत्पादक कम्पनीहरूले महामारी नियन्त्रणका लागि खोप निर्माणका लागि आफूमा निहीत उत्पादन अधिकार खुला गर्नुपर्ने भनी बहस चलेका समय भारतीय कम्पनीले उक्त आह्वान गरेको हो। यसलाई सकारात्मक सुरूवातका रूपमा हेरिएको छ।

## भारतमा 'स्पुतनिक भी' खोप बजारमा बिक्री शुरू

काठमाडौं। भारतको औषधि नियामक निकायले कोभिड-१९ विरुद्धको रुसी स्पुतनिक भी खोप आपतकालीन प्रयोगका लागि अनुमति दिएसँगै भारतीय बजारमा बिक्री हुन थालेको छ। डा रेड्डीज ल्याबोरेटिजको कस्टम फर्मा सर्भिसेजका प्रमुख दीपक साप्राले भारतीय शहर हैदराबादस्थित रेड्डीजको एक औषधि पसलमा पहिलो खोप लगाएर कार्यक्रमको शुभारम्भ गरिएको छ।

भारतमा डा रेड्डीज ल्याबोरेटिजले रुसी स्पुतनिक भी खोप आयात गरिरहेको छ।स्पुतनिक भी खोपलाई भारतीय औषधि नियामक निकायले गत मे १ तारिखमा स्वीकृति प्रदान गरेको थियो। डा रेड्डीजले भारतीय बजारमा उक्त खोपको मूल्य प्रति डोज भारु ९४८ तोकेको छ। कम्पनीले आगामी दिनमा खोपको संख्या अझ बढाउने जनाएको छ। स्पुतनिक भी खोप भारतमै उत्पादन हुन थालेपछि आपूर्ति पनि बढ्ने कम्पनीको भनाई छ। स्पुतनिक भी खोप भारतमा उत्पादन गर्न छ वटा विभिन्न कम्पनीसँग छलफल चलिरहेको बताइएको छ।

डा रेड्डीज कम्पनीका सहअध्यक्ष एवं प्रवन्ध निर्देशक जी भी प्रसादले भारतमा कोभिड-१९ बाट संक्रमितको संख्या तिब्र रुपमा वृद्धि भइरहेकाले जतिसक्दो चाँडो खोप व्यवस्था गर्न आफूहरुले पनि प्रयास गर्न लागेको बताए।

## दिल्लीमा थप एक साता लकडाउन

नयाँदिल्ली। भारतको दिल्लीमा जारी लकडाउन एक साताका लागि थप गरिएको छ। दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले एक साताका लागि लकडाउन थप गर्ने घोषणा गरेका हुन्। यसअघि सोमबारसम्मका लागि लकडाउन गरिएको भएपनि केजरीवालले आइतबार एक साताका लागि लकडाउन थप भएको घोषणा गरेका हुन्। केजरीवालले भने, 'दिल्लीमा अवस्थामा सुधार भइरहेको छ। कोरोना भाइरस संक्रमण तीव्र गतिमा घटिरहेको छ। हामी यो चाहँदैनौं कि सुधार हुँदै गरेको अवस्थामा, पुन: अवस्था खराब होस्। त्यसैले लकडाउन मे २४ को बिहान ५ बजेसम्मका लागि बढाइँदैछ। त्यतिबेलासम्म मेट्रो सेवा पनि बन्द हुनेछन्।'

सामाजिक सञ्जाल ट्वीटरमा ट्वीट गर्दै केजरीवालले सर्वसाधारण लकडाउनका कारण दु:खी भएको भएपनि यो समय एकअर्काको सहारा दिने समय भएको बताएका छन्। उनले सबैलाई लकडाउनको पालना गर्न आग्रह गरेका छन्।

पछिल्लो केही समय यता दिल्लीमा कोरोना संक्रमणमा उल्लेख्य कमी आएको छ। पछिल्लो २४ घण्टा दिल्लीमा ६ हजारभन्दा बढी संक्रमित थपिएका छन्।




## निगमका जहाजले भारतीयलाई साउदी लैजाने

काठमाडौँ। राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) ले नेपालमा अड्किएका भारतीय नागरिकलाई साउदी अरेबिया लगिदिने भएको छ। भारतीय दूतावासको सिफारिसमा मे १८ देखि सुरु भएर २२ तारिखसम्म साउदी अरेबियामा सात उडानको तयारी गरिएको निगमले जनाएको छ।

यी भारतीय अन्तरराष्ट्रिय हवाई सेवाको प्रतिबन्ध लगाउनुअघि साउदी जानका लागि नेपालमा आएका थिए। कोभिड महामारी नियन्त्रणका लागि सरकारले गत वैशाख २३ गतेदेखि अन्तरराष्ट्रिय हवाई उडान प्रतिबन्ध लगाएपछि उनीहरू अलपत्र परेका थिए। नेपालमा अड्किएका भारतीयलाई गन्तव्यमा पुऱ्याउन क्यानले १० उडान अनुमति दिएको छ। यसमा निगमले सात र हिमालय एयरलाइन्सले तीन उडान गर्नेछन्।

निगमका प्रवक्ता करिश्मा श्रेष्ठका अनुसार नेपाल सरकारले परराष्ट्र मन्त्रालयको निर्देशन एवम् भारतीय दूतावासका समन्वयमा साउदी अरेबिया जाने अति आवश्यक भारतीयका हकमा निगमद्वारा उपलब्ध गराइएको टिकटका आधारमा पाँच उडान साउदीको रियाद र दुई दमामका लागि निर्धारण गरेको छ।

## जिल्ला समाचार

## कपिलवस्तुमा थप ७ संक्रमितको मृत्यु

कपिलवस्तु। कपिलवस्तुमा कोरोना संक्रमणबाट शुक्रबार सशस्त्रका नायब निरीक्षकसहित ७ जनाको मृत्यु भएको छ। सशस्त्रको २८ नम्बर गणमा दरबन्दी भइ यशोधरा गाउँपालिका अन्तर्गत डंगरी बीओपीमा कार्यरत नायब निरीक्षकको मृत्यु भएको हो। त्यस्तै सोही गाउँपालिकाकै अर्का एक पुरुषको पनि मृत्यु भएको छ। दुवै जनाको तौलिहवास्थित जिल्ला अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको हो। शिवराज नगरपालिकाका दुई पुरुष र कपिलवस्तु नगरपालिकाका दुई पुरुषको पनि मृत्यु भएको छ। त्यस्तै वाणगंगा नगरपालिकाका एक पुरुषको पनि मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका कोरोना नियन्त्रण फोकल पर्सन उमेश घिमिरेले बताए। यशोधरा गाउँपालिका बाहेकका अन्यको मृत्यु घरमै आइसोलेसनमा बसेको बेला मृत्यु भएको हो।

## कोरानाबाट बाँकेमा थप ८ जनाको मृत्यु

बाँके। कोराना संक्रमणबाट बाँकेमा थप ८ जनाको मृत्यु भएको छ। जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, बाँकेका फोकल पर्सन तेज वलीका अनुसार ५ जनाको भेरी अस्पतालमा, दुई जना नेपालगन्ज मेडिकल कलेज र एकजनाको होम आइसोलेसनमा मृत्यु भएको हो। खजुरा गाउँपालिका वडा नं. १ का ६४ वर्षीया महिलाको होम आइसोलेसनमा मृत्यु भएको छ। वैशाख २८ गते भेरीमा पीसीआर परीक्षणमा कोरोना संक्रमण पुष्टिपटि उनलाई होम आइसोलेसनमा राखिएको थियो। कैलाली लम्कीचुहाका ४० वर्षीय पुरुषको कोहलपुर मेडिकल कलेजमा मृत्यु भएको छ। वैशाख २९ गते पीसीआर गरिएका उनलाई ३० गते भर्ना गरिएको थियो। सल्यान कुमाख गाउँपालिकाका वडा नं. १ की ६७ वर्षीया महिलाको भेरीमा मृत्यु भएको छ। उनलाई वैशाख १८ गते कोरोना संक्रमण पुष्टि भएको थियो। उनलाई २५ गते भर्ना गरिएको थियो। बर्दिया मधुवन नगरपालिका वडा नं. ६ का ५९ वर्षीय पुरुषको भेरी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ। वैशाख १५ गते संक्रमण पुष्टि भएका उनको स्वास्थ्य अवस्था जटिल बनेपछि २७ गते अस्पताल भर्ना गरिएको थियो। बैजनाथ गाउँपालिका वडा नं. ६ की ३५ वर्षीया महिलाको भेरी अस्पतालमा मृत्यु भएको छ। संक्रमण पुष्टि भएपछि उनलाई वैशाख २६ गते अस्पताल भर्ना गरिएको थियो।

## मोरङमा जेठ ११ गतेसम्म निषेधाज्ञा थप

विराटनगर। मोरङमा दोस्रो पटक निषेधाज्ञा थप गरिएको छ। जिल्ला प्रशासन कार्यालय मोरङले जेठ ११ गतेसम्म निषेधाज्ञा थप गरिएको मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले जानकारी दिए। यसअघि वैशाख २४ गतेदेखि जेठ १ गते राती १२ बजेसम्म निषेधाज्ञा जारी गरिएको थियो। कोरोना संक्रमणको फैलावट रोक्न आगामी जेठ ११ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञालाई निरन्तरता दिने निर्णय भएको प्रमुख जिल्ला अधिकारी निरौलाले जानकारी दिए। निषेधाज्ञा अवधिमा सरकारले सञ्चालन गरेका बाहेक निजी क्षेत्रले सञ्चालन गरेको भौतिक निर्माणलाई रोक लगाइएको छ। भौतिक निर्माणमा प्रयोग हुने सामाग्रीको ढुवानीका लागि पनि विहान १० बजेसम्मको मात्रै समय तोकिएको छ। प्रशासनले उद्योग क्षेत्रमा पनि कडाई गर्ने निर्णय गरेको छ। यस अघि औद्योगिक मजदुरलाई घरबाट उद्योगसम्म जान छुट थियो। जेठ १ गतेबाट उद्योगकै आवास गृहमा रहेका मजदुर प्रयोग गरेर मात्रै उद्योग सञ्चालन गर्न दिने निर्णय भएको हो। बाहिरी मजदुरको आवत-जावत रोक्ने निर्णय भएको उनले बताए। प्रशासनले खाद्यान्य सागसब्जी, दूधलगायत अत्यावश्यक बस्तुको बिक्रीका लागि विहान १० बजेसम्मको समय तोकेको छ।

## कोरोनाबाट मृत्यु भएका पत्रकारको परिवारलाई राहत उपलब्ध गराउन माग

जनकपुरधाम। नेपाल पत्रकार महासंघ, प्रदेश २ समितिले कोरोना संक्रमणबाट मृत्यु भएका पत्रकारको परिवारलाई तत्काल राहत उपलब्ध गराउन प्रदेश सरकारसँग माग गरेको छ। प्रदेश सरकारका प्रवक्ता समेत रहेका आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवलाई ज्ञापन बुझाउँदै रौतहटमा बुधबार मृत्यु भएका पत्रकार मनोजकुमार चौधरी र रमादेवी यादवको परिवारलाई तत्काल राहत उपलब्ध गराउन महासंघले माग गरेको हो। महासंघका प्रदेश अध्यक्ष राजेश कर्णले बुझाएको ज्ञापनमा संक्रमित पत्रकारको नि:शुल्क उपचारको व्यवस्थापन मिलाइदिन पनि माग गरिएको छ। ज्ञापन बुझ्दै मन्त्री यादवले पत्रकार महासंघले उठाएका मागलाई सकारात्मक रुपमा लिएको भन्दै पत्रकारको हकहितका लागि प्रदेश सरकार सदैव तत्पर रहेको बताए। उनले पत्रकारको नि:शुल्क उपचार गर्ने प्रतिबद्धता समेत दिलाए।

## अक्सिजन सिलिन्डर अस्पताललाई हस्तान्तरण

रौतहट। रौतहट प्रहरीले विभिन्न क्षेत्रबाट सङ्कलन गरेको अक्सिजन सिलिन्डर अस्पतालहरूलाई हस्तान्तरण गरेको छ। प्रहरीले सहयोगमा प्राप्त भएका ७.६ किलो तौल भएको ५० वटा अक्सिजन सिलिन्डरहरू मध्य अक्सिजन सहितको २९ वटा र १ वटा खालि गरी ३० वटा सिलिन्डर गौर अस्पताललाई दिएको छ। त्यस्तै २० वटा खालि अक्सिजन सिलिन्डर चन्द्रपुर नगरपालिका-२ स्थित सहिद स्मृति पार्कको अस्थायी कोभिड अस्पताललाई हस्तान्तरण गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता, डिएसपी भरत श्रेष्ठले जानकारी दिए। विश्वव्यापी रूपमा फैलिएको नयाँ भेरियेन्ट सहितको कोभिड भाइरसबाट सङ्क्रमित भई अस्पतालहरूमा रहेको अस्थायी कोभिड वार्डमा उपचारार्थ रहेका कोभिड सङ्क्रमित बिरामीहरूको लागि अक्सिजन सिलिन्डर अपुग हुन नदिनको निमित्त विभिन्न उद्योग तथा पसलहरूबाट सहयोग मागेर अक्सिजन सिलिन्डर हस्तान्तरण गरिएको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

## बाँकेमा थप १३ संक्रमितको मृत्यु

नेपालगन्ज। बाँकेमा कोरोनाबाट थप १३ जनाको मृत्यु भएको छ। भेरी अस्पतालमा उपचाररत ठाकुरबाबा ९ बर्दियाका २५ वर्षीय पुरुष, तुलसीपुर १० दाङकी ३८ वर्षीया महिला, मधुवन ९ बर्दियाकी ७० वर्षीया महिला, पंचपुरी ६ सुर्खेतका ५९ वर्षीय पुरुष, बाँसगढी ६ बर्दियाका ८० वर्षीय पुरुष र नेपालगन्ज ६ की ४० वर्षीया महिलाको कोरोनाबाट मृत्यु भएको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र बाँकेका फोकल पर्सन तेज वलीले बताए। त्यस्तै नेपालगन्ज मेडिकल कलेज कोहलपुरमा उपचाररत भिमदत्त ३ कंचनपुरकी ५५ वर्षीया महिला र कोहलपुर ९ बाँकेकी ४५ वर्षीया महिलाको पनि मृत्यु भएको छ। भेरी अस्पतालमा उपचाररत खजुरा ३ बाँकेकी ६७ वर्षीया महिला, कैलारी ५ कैलालीका ३८ वर्षीय पुरुष र तुलसीपुर ६ दाङका ४५ वर्षीय पुरुषको कोरोनाबाट मृत्यु भएको छ। त्यस्तै नेपालगन्ज मेडिकल कलेज कोहलपुरमा उपचाररत तुलसीपुर १ दाङकी ४८ वर्षीया महिला र दंगीशरण ३ दाङका ६३ वर्षीय पुरुषको पनि मृत्यु भएको छ। यो संगै कोरोनाबाट बाँकेका २४० जनाको मृत्यु भएको छ भने बाहिरी जिल्लाका १९४ जनाको मृत्यु भएको छ।

## वीरगन्जले अक्सिजन प्लान्ट स्थापना गर्ने

वीरगन्ज। वीरगन्ज महानगरपालिकाले अटोमेटिक अक्सिजन प्लान्ट र अक्सिजन सप्लाई गर्ने पाइपलाइन स्थापना गर्ने भएको छ। कोरोना महामारीलाई ध्यानमा राख्दै संक्रमितको उपचारमा चाहिने अत्यावश्यक अक्सिजन प्लान्ट महानगरले स्थापना गर्न लागेको वीरगञ्ज महानगरपालिकाका मेयर विजय सरावगीले जानकारी दिए। उनले आफ्नो फेसबुकमार्फत २ करोड रुपैयाँ लगानीमा महानगरपालिकाले अक्सिजन प्लान्ट स्थापना गर्ने जानकारी दिएका छन्। महानगरले विभिन्न दातृ निकायको सहयोग र आफ्नो लगानीमा अटोमेटिक अक्सिजन प्लान्टका साथै अक्सिजन सप्लाई गर्ने पाइपलाइन जडान गर्न लागेको मेयर सरावगीले बताए। साथै, ३ सय केभिएको ट्रान्सफर्मर, २० केभिएको युपीएस पनि जडान गरिने उनले बताए। अहिलेको कोरोना महामारीमा संक्रमित भएर अस्पताल भर्ना भएका ५० प्रतिशत बिरामीलाई हाइफ्लो अक्सिजनको आवश्यकता परिरहेकोले महानगरले अटोमेटिक अक्सिजन प्लान्ट स्थापना गर्ने सोच बनाएको मेयर सरावगीको भनाइ छ। वीरगन्जको नारायणी अस्पतालमा पर्सा, बारा रौतहट, सर्लाहीसम्मका बिरामीले सेवा लिइरहेकाले उनीहरूका लागि अक्सिजन पाउन सहज होस् भनेर अक्सिजन प्लान्ट स्थापना गर्न लागिएको उनले जानकारी दिए।

## कला / साहित्य

कमल मण्डल



# अरुणकान्त यादवको हिन्दी फिल्म 'गल्ती' रिलिज




मिथिलाकोराजधानी जनकपुरधामका युवक अरुणकान्त यादव नायकको भूमिका निर्वाह गरेको पहिलो हिन्दी फिल्म 'गल्ती' रिलिज भएको छ ।

म्याक्स प्लेयर कम्पनीले रिलिज गरेको फिल्म 'गल्ती'मा नायिकाको भूमिकामा अनुष्का श्रीवास्तवले गरेकी छन् । निर्देशन बासु प्रसाद साहुले गरेको फिल्म 'गल्ती'मा नायक यादव, नायिका श्रीवास्तव, मोहन महतो, अशोक बेनिवाल, सकिला मस्जिद, लक्की साहुर अल्लाह खान लगायतका कलाकारको अभिनयरहेका छन् । आर्ट प्रोडक्सन एण्ड ओम आर्ट इन्टरटेनमेन्ट कम्पनीको लगानीमा निर्माण भएको फिल्म 'गल्ती'को लेखक एबी मोहन हुन् । व्याकग्राउण्ड म्युजिकरञ्जित मण्डलले दिएको सो फिल्ममा संगीत पियुस आर्याकोरहेको छ । सम्पादन शिव थारु, प्रोडक्टर मोहन महतोरहेको फिल्मको गीतमा सहिद माल्यार प्रज्ञा पात्राले स्वर दिएका छन् । नायक अरुण कान्त नेपाल देखी मुम्वईर मलेसीया सम्मको अनुभव बटुलेका छन् । दर्जनौ मैथिली, भोजपुरीर नेपाली गीतमा पनि अभिनय गरिसकेका छन् । सैयौको संख्यामा स्टेज कार्यक्रमहरुमा आफनो प्रस्तुति सागै सफल आयोजकको रुपमा पनि परिचित यादव स्थानिय यूवाहरु बिच परिचित छन् ।

# कोरोना संक्रमितको लागि नायिका प्रियंका चोपडाले गरिन् २२ करोड संकलन

काठमाडौं । बलिउड अभिनेत्री प्रियंका चोपडा जोनसले भारतका कोरोना भाइरस संक्रमितको लागि २२ करोड भारु संकलन गरेको जानकारी दिएकी छिन् ।

इन्स्टाग्राममा प्रियंकाले २२ करोड रकम सहयोग जम्मा गर्न सहयोग पुऱ्याउने विश्वभरका आफ्नो शुभचिन्तकलाई धन्यवाद भन्दै यो रकमले भारतका कोरोना संक्रमितको ज्यान जोगाउन मद्दत पुग्ने बताएकी छिन् । उनले भनेकी छिन्,'तपाइँहरुको सहयोगले कोरोना संक्रमितलाई बचाउने हाम्रो योजना सफल हुँदैछ । हामीले ५ हजार अक्सिजन कन्सन्ट्रेटर खरिद गरेका छौं । यसको मतलब हामीले हरेक महिना २५ सयलाई अक्सिजन सेवा दिन सक्छौं । यो रकमले १० खोप केन्द्रमा दक्ष जनशक्ति प्रदान गर्नेछ । ती जनशक्तिले दुई महिनामा ६ हजारलाई खोप लगाउनेछन् ।' 'सहयोग रकमले ४२२ अक्सिजन सिलिन्डर खरिद गरिएको छ जसमा प्रति सिलिन्डर ६ हजार लिटर अक्सिजन राख्न सकिन्छ' उनी भन्छिन्,'धन्यवाद जसले संक्रमितको ज्यान जोगाउन सहयोग पुऱ्याउनुभयो ।' भारतमा कोरोना संक्रमितहरु अक्सिजनको अभावमै ज्यान गुमाइरहेको समाचारहरु आइरहँदा प्रियंकाले स्वदेशका संक्रमित व्यक्तिको ज्यान जोगाउने अभियान थालेकी हुन् । उनको अभियानलाई विश्वभरका भारतीयले समर्थन गरिरहेका छन् ।

# नेपाल-भारत उडान हप्तामा दुई पटक

काठमाडौं । दुई देशका नागरिकलाई मात्रै उडान अनुमति भएको एयर बबल अवधारण अनुसार सातामा बुधबार र शुक्रबार गरी दुई दिन काठमाडौं-दिल्ली उडान हुने भएका छन् । नागरिक उड्डयन प्राधिकरणको उडान अनुमति शाखाका उप-प्रबन्धक ज्ञानेन्द्र भुलका अनुसार भारतीय ध्वजाबहाक कम्पनी एयर इन्डियाले शुक्रबार दिल्ली-काठमाडौं-दिल्ली उडान गर्दैछ । शुक्रबार दिउँसो साढे २ बजे काठमाडौं अवतरण हुने एयर इन्डियाले १ सय ८० सिट क्षमताको एयरबस-३२० जहाज उडाउने अनुमति लिएको छ भने निगमले १ सय ५८ सिट भएको एयरबस-३२० बाट उडान गर्ने छ ।

त्यस्तै, नेपाल वायुसेवा निगमले बुधबार काठमाडौं-दिल्ली-काठमाडौं उडानको तालिका सार्वजनिक गरेको छ । प्राधिकरणले स्वास्थ्य मन्त्रालयले हवाइ यात्रु र क्वारेन्टाइनबारे जारी गरेको निर्देशिका अनुसार नेपाल भारत उडान अनुमति जारी गरेको छ । त्यस्तै, यी उडानबाट सेवा लिने यात्रुबारे दुवै मुलुकले तोकेका छन् । अर्थात् यी उडानमा नेपाली र भारतीबाहेक तेस्रो मुलुकका नागरिकले यात्रा गर्न पाउने छैनन् । विशेष परिस्थितीका लागि तोकिएका उडान भएकाले नेपालले काठमाडौं आउने यात्रुसँग बारकोड र फोटोसहितको पीसीआर रिपोर्ट अनिवार्य संलग्न हुनुपर्ने नियम बनाएको छ ।

## कोभिडविरुद्धको लडाइमा भारतको सहयोग जारी रहन्छ : राजदूत क्वात्रा

काठमाडौं । काठमाडौंको कमल पोखरीस्थित अग्रवाल भवनमा आइसोलेसन सेन्टर स्थापना गरिएको छ । अग्रवाल भवनमा करीव १ सय २६ जनासम्म राख्न सकिने गरी आइसोलेसन सेन्टरको स्थापना गरिएको हो । अग्रवाल सेवा केन्द्र नेपाल, हिन्दू स्वयंसेवक संघ नेपाल, नेपाल मेडिकल एशोसिएसन, उपकार सेवा नेपाल र सेवा इन्टरनेशनल नेपालले आइसोलेसन सेन्टर सञ्चालन गरेका हुन् ।

आइसोलेसन सेन्टरको नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले उद्घाटन गरे । सो क्रममा क्वात्राले कोभिड १९ विरुद्धको लडाइँमा भारत सरकारले नेपाललाई निरन्तर सहयोग गर्ने बताए । आइसोलेसन सेन्टरमा १८ कोठा रहेका छन् भने आवश्यक सवै स्वास्थ्य सेवा उपलव्ध हुने बताइएको छ ।

## भारतमा कोरोना नियन्त्रण उन्मुख

काठमाडौं । भारतमा कोरोना भाइरसका संक्रमित घट्दै गएका छन् । शनिबार ३ लाख १० हजार ५८० संक्रमित थपिएका छन् । शुक्रबार ३ लाख २६ हजार १४ जना संक्रमित थपिएका थिए । बिहीबार ३ लाख ४२ हजार ८९६ जना संक्रमित थपिएका थिए । भारतमा दुई हप्ताअघिको बिहीबार अहिलेसम्मकै सबैभन्दा बढी ४ लाख १४ हजार १८२ संक्रमित थपिएका थिए । योसँगै भारतमा अहिलेसम्म संक्रमित हुनेको संख्या २ करोड ४६ लाख ८३ हजार ६५ पुगेको छ । हाल सक्रिय संक्रमित घटेर ३६ लाख १३ हजार ५१५ जना रहेका छन् । गत हप्ताको आइतबार सबैभन्दा बढी ३७ लाख ४१ हजार ३६८ जना सक्रिय संक्रमित रहेका थिए ।

शनिबार ३ लाख ६२ हजार ३६७ जनालाई निको भएको छ । शुक्रबार ३ लाख ५२ हजार ८५० जनालाई निको भएको थियो । बिहीबार ३ लाख ४४ हजार ५७० जनालाई निको भएको थियो । दोस्रो लहर आएपछि गएको सातामात्रै पाँचौं पटक संक्रमित थपिने भन्दा निको हुने बढी भएका छन् । यसअघि सोमबार, मंगलबार, बिहीबार र शुक्रबार पनि संक्रमित थपिने भन्दा निको हुने बढेका थिए ।

अहिलेसम्म भारतमा कोरोनाबाट निको हुनेको संख्या २ करोड ७ लाख ८९ हजार ३८ पुगेको छ । त्यसैगरी शनिबार ४ हजार ७५ जनाको ज्यान गएको छ । शुक्रबार ३ हजार ८७६ जनाको ज्यान गएको थियो । बिहीबार ३ हजार ९९७ जनाको ज्यान गएको थियो ।

बुधबार ४ हजार १२७ जनाको ज्यान गएको थियो । अहिलेसम्म भारतमा कोरोनाबाट ज्यान गुमाउनेको संख्या २ लाख ७० हजार ३१९ रहेको छ । भारतमा अहिलेसम्म १८ करोड ४ लाख ५७ हजार ५७९ जनालाई कोरोना विरुद्धको खोप लगाइसकिएको छ ।

## आर्थिक समाचार

### सूर्य नेपालद्वारा अस्पताललाई ६५ लाख बराबरको स्वास्थ्य सामग्री प्रदान

काठमाडौं । सूर्य नेपाल प्रा. लि. द्वारा काठमाडौंका ३ सरकारी अस्पताललाई विभिन्न प्रकारका स्वास्थ्य सामग्रीहरु प्रदान गरिएको छ । कम्पनीले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीर अस्पताल स्थित राष्ट्रिय ट्रमा सेन्टर र निजामति कर्मचारी अस्पताल लाई ल्याटेक्स पन्जा, सर्जिकल मास्क, अनुहार ढाक्ने फेस सिल्ड, व्यक्तिगत सुरक्षा उपकरण र अक्सिमिटर प्रदान गरेको छ । यी स्वास्थ्य सामग्रीहरु सम्बन्धित अस्पतालका कार्यकारी निर्देशकहरुलाई आज हस्तान्तरण गरिएको हो । स्वास्थ्य सामग्री हस्तान्तरण र वितरणको कार्यलाई ती अस्पतालमा कार्यरत चिकित्सकहरुको प्रतिनिधित्व सहित काठमाण्डौ स्थित एउटा गैर नाफामूलक संस्था इजीबीओएसएले सहजीकरण गरेको थियो । विद्यमान कोभिड १९ महामारीको दोश्रो लहरले मुलुकको स्वास्थ्य प्रणालीमा पारेको उल्लेख्य दवावलाई विचार गरी यस प्रकारको अभूतपूर्व संकटको घडिमा कम्पनीले अन्य विभिन्न क्रियाकलापहरु समेत सञ्चालन गर्ने योजना रहेको छ । यस वर्षको शुरुवातमा नै कम्पनीले ने.रु. ७ करोड रकम (प्रत्येक प्रदेशलाई रु. १ करोडका दरले) ७ वटै प्रदेशहरुमा स्थापनमा गरिएको "कोभिड १९ उपचार तथा नियन्त्रण कोष" मा योगदान गरेको थियो ।

### नेपाल लाइफको 'नौलो सुरक्षित जीवन बीमा योजना' सार्वजनिक

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले सुरक्षित जीवन बीमा योजनाको व्यापक सफलता पश्चात् अझ परिस्कृत रुपमा **'नौलो सुरक्षित जीवन बीमा योजना' सावधिक जीवन बीमा ल्याएको छ । नेपाल लाइफले ग्राहकको आवश्यकता तथा चाहना अनुसारका बीमा योजनाहरु बजारमा ल्याउने क्रममा यो नौलो सुरक्षित जीवन बीमा योजना ल्याएको हो । १८ देखि ७० वर्ष सम्मको कुनै पनि स्वस्थ व्यक्तिले बीमा गर्न सकिने नौलो सुरक्षित जीवन बीमा योजनामा आम्दानीको आधारमा अधिकतम बीमाङ्क छनोट गर्न सकिने कम्पनीले विज्ञप्तीमा जनाएको छ । यस बीमा योजना अन्तर्गगत बीमितले बीमालेख चालु रही बीमा अवधि समाप्ति मितिसम्म बीमित जीवित रहेमा 'बीमालेखमा उल्लेख भएको बीमाङ्क रकम र आर्जित बोनश' बीमा अवधि समाप्तिमा एकमुष्ट प्रदान गर्नेछ ।**

**त्यसैगरी, बीमालेख चालु रही बीमा अवधि भित्र जुनसुकै कारणबाट ( बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु बाहेक) बीमितको मृत्यु भएमा 'बीमाङ्क रकम र आर्जित बोनश' एकमुष्ट प्रदान गर्ने कम्पनीले उल्लेख गरेको छ । यदि दुर्घटना मृत्यु लाभ सुविधा थप लिएको छ भने चालु बीमालेख अन्तर्गत बीमा अवधि भित्र बीमितको दुर्घटनाको कारणबाट मृत्यु भएमा 'बीमालेखमा उल्लेख भएको बीमाङ्क रकम, दुर्घटना मृत्यु लाभ सुविधा वापतको बीमाङ्क रकम र आर्जित बोनश रकम' एकमुष्ट भुक्तानी पाइनेछ ।**

**त्यसैगरी दुर्घटना मृत्यु लाभ तथा अपाङ्ग अशक्त सुविधा लिएको छ भने बीमालेख चालु रही बीमा अवधि भित्र बीमितको दुर्घटनाको कारणबाट स्थायी अङ्गभङ्ग भई स्थायी अशक्तता भएमा 'बाँकी बीमाशुल्क भुक्तानीमा पूर्ण छुट दिइनुका साथै अपाङ्ग अशक्त सुविधा बराबर रकम मासिक १२० समान किस्ता' मा अपाङ्ग अशक्त बीमितलाई भुक्तानी उपलब्ध गराइने कम्पनीले जनाएको छ । यस नौलो सुरक्षित जीवन बीमा योजना अन्तर्गत वार्षिक रुपमा बीमाशुल्क भुक्तान गर्दा कम्पनीले १% सम्म छुट प्रदान गर्नेछ । बीमितको आवश्यकता तथा सुविधालाई मध्यनजर गर्दै यस बीमा योजनामा ३ वर्षको बीमाशुल्क भुक्तान गरी ३ वर्ष पुरा भइसकेपछि समर्पण मूल्य प्राप्त हुने तथा बीमालेखलाई धितो राखि समर्पण मूल्यको ९०% सम्म ऋण सुविधा लिन सकिनेछ ।**

**समयसापेक्ष नेपाल लाइफले प्रविधिमैत्री सेवा प्रदान गर्दै आइरहेको छ । नेपाल लाइफको बीमा शुल्क (प्रिमियम) विभिन्न डिजिटल पेमेन्ट सिस्टम तथा डिजिटल वालेटबाट कुनै पनि ठाउँबाट जुनसुकै समयमा भुक्तानी गर्न सकिने सुविधा प्रदान गरेको छ । नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरु ई-सेवा, खल्ती, कनेक्ट आइपीएस, फोन पे, आईएमई पे तथा प्रभु पे लगायतबाट अनलाइन भुक्तानी गर्न सकिन्छ । ग्राहकहरूको हितलाई ध्यानमा राखी कम्पनीले समयसापेक्ष आवश्यकता अनुसार सेवा तथा सुविधामा परिमार्जन एवं परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।**

# प्रधानमन्त्रीमा...

कार्यालय बालकुमारीमा बस्ने तय भएको छ । यसअघि उपेन्द्र समूह मात्र बालकुमारीमा बैठक राख्दै आएको थियो । महन्थ ठाकुर समूह बबरमहलमा बैठक बस्थ्यो ।

सरकारको नेतृत्वका लागि बलियो बन्न जसपाले ओली र ओलीविरोधी गठबन्धनबीच दूरी समेत बढाउन सफल भइसकेको छ । पछिल्लो समय ओली र ओलीविरोधी गठबन्धनबीच टकराव बढेको छ । ओलीलाई साथ दिदै आएका महन्थ एकाएक यु टर्न भई आफ्नै नेतृत्वमा सरकार निर्माणमा बढ्ने भएका पछि ओली पनि झस्किएका छन् भने उनले काँग्रेस र माओवादी केन्द्रको साथ पाउने सम्भावना पनि बढेर गएको छ । यसले ओलीलाई झड्का पर्ने सम्भावना बढेको छ ।

विश्वासको मत अबको २४ दिनभित्र लिइसक्नुपर्नेछ । ओलीले विश्वासको मत लिन नसके धारा ७६ को उपधारा ५ बमोजिम फेरि बहुमतको सरकार निर्माणको आह्वान राष्ट्रपतिबाट हुन सक्छ । त्यतिबेला ओलीविरोधी गठबन्धनले बहुमत देखाउन सके ठाकुर प्रधानमन्त्री बन्ने सम्भावना हुन सक्छ ।

एमालेभित्र अध्यक्ष ओली र नेता माधवकुमार नेपालबीच सहमतिको सम्भावना बढेसँगै नयाँ राजनीतिक परिस्थिति विकास भएको छ । एमाले एकताको माहोल तयार हुँदै गर्दा ओलीविरोधी गठबन्धन मजबुत हुने अवस्था बन्दै गएको छ ।

ओली र नेपालबीच सहमतिसँगै कार्यदल गठन भई काम बढेको छ । योसँगै एमाले एकता टरेको छ तर ओली सरकारको आयु घटदैछ । एकातर्फ एमाले एकता बलियो बन्ने वातावरण विकास भएको छ भने अर्कोतर्फ ओलीविरोधी गठबन्धन बलियो बन्दै गएको छ । गठबन्धनमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव पक्षधर छन् । तर यस गठबन्धनमा ठाकुर पनि अटन सक्ने भएका छन् ।

यादव र ठाकुरबीचको सम्झौता जसपाले सरकारको नेतृत्व दाबी गर्ने सहमतिको बुँदा समावेश गरी भएको हो । अब ओलीविरोधी गठबन्धनले जसपाका अध्यक्ष ठाकुरलाई प्रधानमन्त्री बनाउने सहमति बनाएमा बहुमत बन्न सक्छ ।

सरकारको नेतृत्व पाएमा जसपाका सबै ३२ सांसद एक भई ओलीविरोधी गठबन्धनको पक्षमा हुनसक्छन् । केही सांसद असन्तुष्ट भएपनि गठबन्धन बहुमत नपुग्ने अवस्थामा हुने सम्भावना कम छ । काँग्रेसको ६१, माओवादी केन्द्रको ४९ र जसपाको ३२ गरी १४२ सांसद संख्या पुग्छ । प्रतिनिधि सभामा तत्काल कायम रहेको २६७ सदस्य संख्याका लागि १३४ सांसद संख्या भए पुग्छ । त्यसकारण पनि ओलीविरोधी गठबन्धन बन्न सक्छ । एमाले एकताको रिएक्सन ओलीविरोधी गठबन्धन बलियो बन्नेतर्फ बढेका छन् । अब ओलीलाई विश्वासको मत लिन असफल बनाएर संविधानको धारा ७६ को उपधारा ५ बमोजिम बहुमतको सरकार निर्माणतर्फ ओलीविरोधी गठबन्धन लागेका छन् । यस्तो अवस्थामा देश मध्यावधि चुनावमा जानबाट रोकिनेछ ।

पछिल्लो समय कांग्रेस र माओवादी केन्द्रमा पनि ओलीलाई रोक्ने गरी छलफल भइरहेको छ । दुवै पार्टीका नेताहरुले बरु जसपालाई सरकारको नेतृत्व दिनुपर्ने तर ओलीलाई रोक्नुपर्ने निष्कर्ष निकालेका छन् । उनीहरुले ठाकुरकै नेतृत्वमा बरु चुनावमा जान सकिने पनि निष्कर्षमा पुगेका छन् । तर, ओलीको नेतृत्वमा चुनावमा जान नहुने उनीहरुको भनाई छ । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले त आफूनिकट नेताहरुसँग अब ठाकुरलाई नै प्रधानमन्त्री बनाउने गरी तयारी भएको ब्रिफिङ गरेका छन् ।

**दलभित्र द्वन्द्व**

**प्रधानमन्त्रीमा ठाकुरको नाममा काँग्रेस र माओवादी केन्द्र तयार भएपनि जसपा भित्रकै एक समूह यसको विपक्षमा उभिने र माहोल बिगार्न सक्ने सम्भावना पनि छ । प्रधानमन्त्रीमा ठाकुरको नाममा यादव पक्षबाटै अवरोध आउने सम्भावना पनि छ ।**

**अहिले पार्टी आन्तरिक विवाद समाधानतर्फउन्मुख छ । पार्टीलाई एक ढिक्का बनाएर लैजाने प्रतिबद्धता दुवै अध्यक्षले गरे पनि विवादको रेखा मेटिएको छैन । तर ठाकुरको एकल हस्ताक्षरसहित संसदीय दलको नेतामा राजेन्द्र महतो चयन भएको पत्र संसद सचिवालयमा पुगेपछि भने फेरि जसपामा विवाद उत्पन्न भएको हो ।**

**तर यादव पक्षका नेताहरुले भने महतोलाई दलको नेता चयन गरिएको निर्णय सर्वसम्मतीमा नभएकोले यसमा पनि पुनर्विचार हुने प्रतिक्रिया दिएका छन् । अध्यक्ष यादवले पनि पार्टीले दलको नेता चयन नगरेको दाबी गरेका छन् ।**

# निगमका जहाजले भारतीयलाई साउदी लैजाने

काठमाडौं । राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) ले नेपालमा अड्किएका भारतीय नागरिकलाई साउदी अरेबिया लगिदिने भएको छ । भारतीय दूतावासको सिफारिसमा आगामी मे १८ देखि २२ तारिखसम्म साउदी अरेबियामा सातवटा उडानको तयारी गरिएको निगमले जनाएको छ । यी भारतीय नागरिक अन्तरराष्ट्रिय हवाई सेवाको प्रतिबन्ध लगाउनुअघि साउदी जानका लागि नेपालमा आएका थिए । कोभिड महामारी नियन्त्रणका लागि सरकारले गत वैशाख २३ गतेदेखि अन्तरराष्ट्रिय हवाई उडान प्रतिबन्ध लगाएपछि उनीहरू अलपत्र परेका थिए । नेपालमा अड्किएका भारतीय नागरिकलाई गन्तव्यमा पुऱ्याउन क्यानले १० उडान अनुमति दिएको छ । यसमा निगमको सात र तीन उडान हिमालय एयरलाइन्सले गर्नेछ । निगमका निर्देशक एवम् प्रवक्ता करिश्मा श्रेष्ठका अनुसार नेपाल सरकारले परराष्ट्र मन्त्रालयको निर्देशन एवम् भारतीय दूतावासको समन्वयमा साउदी अरेबिया जाने अति आवश्यक भारतीय नागरिकको हकमा निगमद्वार उपलब्ध गराएको टिकटका आधारमा पाँचवटा उडान साउदीको रियाद र दुईवटा दमामका लागि निर्धारण गरेको छ । निगमको उच्च सक्रियताका कारण साउदीमा हुने १० उडानमध्ये सात उडानको जिम्मेवारी निगमले पाएको पर्यटन मन्त्रालय सम्बद्ध स्रोतले जनाएको छ ।




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं